सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ माघ २०८२, शुक्रबार (6 Feb 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



बैतडीमा जन्ती बोकेको बस दुर्घटना

८ को मृत्यु, ३७ घाइते

बिहीबार बेलुका पुर्चौडी नगरपालिका- ७ वडूगाउँ मोडमा दुर्घटना भएको बसमा १८ महिला र २७ पुरुष सवार थिए।

(विस्तृत पृष्ठ २)

राजमार्ग फराकिलो बनेसँगै लापरबाहीले बढ्यो दुर्घटना

नवलपरासी पूर्वमा एक महिनामै २६ दुर्घटना, आठजनाले गुमाए ज्यान



ठुला तथा हेभी गाडी, बस, कार, जिप तथा मोटरसाइकलजस्ता साना गाडी, पैदलयात्री र साइकलयात्री हिँड्ने लेन छुट्याउने कार्य बाँकी नै भएका कारण पनि सडक दुर्घटना बढेको हो।

(विस्तृत पृष्ठ ३)

जीवन बिमाको पहुँचमा ५०% नागरिक



०२९ देखि सञ्चालन भएको जीवन बिमा सुरुवातका वर्षहरूमा खासै विस्तार हुन सकेन, जसकारण ०७४ अघिसम्म जीवन बिमाको पहुँचमा करिब सात प्रतिशत मात्रै, तर कोरोना, प्राकृतिक प्रकोपलगायतले क्षति बढ्न थालेपछि दायरा ५० प्रतिशत विस्तार

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



सवा चार लाख मतदातालाई आउँदैन भोट हाल्न

हरेक निर्वाचनमा मतदाता शिक्षाका लागि २५ देखि ५३ करोडसम्म गरिन्छ खर्च, तैपनि ०४८ देखि ०७९ सम्मका प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा औसत ४ लाख २१ हजार मत बदर

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा मतदाता शिक्षाका लागि २५ करोड विनियोजन

कुल मतदाता : १,८९,०३,६८९



● **भोजराज पोखरेल**, पूर्वप्रमुख निर्वाचन आयुक्त

प्रत्येक निर्वाचनमा ठुलो संख्यामा मत बदर हुनुका दुई कारण देखिन्छन्। पहिलो, मतदातालाई कसरी मतदान गर्ने भन्ने ज्ञान नहुँदा हो। अर्को, मतदातालाई कुनै पनि उम्मेदवार मन परेको छैन, तर जसरी पनि मतदान गर्नुपर्ने बाध्यता छ। यस्तो वेलामा उसले सही ठाउँमा मतदान गर्दैन। त्यसबाहेक कतिपय प्राविधिक कारणबाट पनि मत बदर हुन्छन्। जस्तो- मतदानपछि मतपत्र पट्याउनुपर्ने हुन्छ। त्यसवेला मसी लतपतिन्छ। यस्तो वेला पनि मत बदर हुन्छन्।



● **गोपीनाथ मैनाली**, पूर्वसचिव, निर्वाचन आयोग

मतदाता शिक्षाको कमीले मात्रै मत बदर भएको छैन। मतदाता र मतदान केन्द्रमा खटिएका कर्मचारीबिच सही तवरले समय व्यवस्थापन नहुँदा धेरै मत बदर हुने गरेका छन्। जस्तै- मतदान गर्दा मतदाता हडबडाउँछन्। उनीहरूले एकभन्दा धेरै ठाउँमा छाप लगाउन पुग्छन्। उनीहरू र उनीहरूलाई सहजीकरण गर्ने कर्मचारीबिच सही तवरले समय व्यवस्थापन हुन सके बदर हुने मतको दर घट्न सक्छ।


टेकराज थामी / नयाँ पत्रिका

नागरिकको मत खेर नजाओस् भन्ने उद्देश्यसहित सरकारले हरेक निर्वाचनमा मतदाता शिक्षाका नाममा ठुलो धनराशि खर्च गर्दै आएको छ। तर, खर्च गरेअनुसार मत बदरमा खासै सुधार भएको छैन। प्रतिनिधिसभाको प्रत्यक्षतर्फ मात्रै ०४८ यता औसत ४.३३ प्रतिशत मत बदर हुँदै आएको छ।

०७९ को संघ तथा प्रदेश निर्वाचनमा मतदाता शिक्षा शीर्षकमा ५२ करोड ६५ लाख विनियोजन गरेको निर्वाचन आयोगले २६ करोड

» पृष्ठ २ मा क्रमशः

■ प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कुन निर्वाचनमा कति मत बदर ?



■ समानुपातिकमा झन् साढे १० लाखसम्म मत बदर

मुलुकमा समानुपातिक निर्वाचन प्रणाली ०६४ को संविधानसभा निर्वाचनपछि सुरु भयो। यस अवधिमा मुलुकमा चार निर्वाचन भए। चारै निर्वाचनमा अपनाइएको समानुपातिक प्रणालीतर्फ बदर हुने मतको संख्या धेरै देखिन्छ। यस अवधिमा भएका निर्वाचनमध्ये सबैभन्दा धेरै मत ०७४ को आमनिर्वाचनमा बदर भयो । उक्त निर्वाचनमा कुल एक करोड ५ लाख ९४ हजार ०४४ मत खसेको थियो। जसमध्ये १० लाख ४९ हजार २६५ मत बदर भए। यो कुल खसेको मतको ९.९० प्रतिशत हो। यस अवधिमा सबैभन्दा कम बदर भने ०७० को निर्वाचनमा भयो। यो निर्वाचनमा कुल खसेको ९७ लाख ७६ हजार ७०३ मतमध्ये ३ लाख १२ हजार ८४१ बदर भए। यो कुल खसेको मतको ३.२० प्रतिशत मात्रै हो। त्यस्तै, ०७९ को निर्वाचनमा ५.०८ प्रतिशत र ०६४ को निर्वाचनमा ३.२६ प्रतिशत मत बदर भएका थिए । ती निर्वाचनमा क्रमशः १ करोड ११ लाख २६ हजार २२६ र १ करोड ११ लाख ४६ हजार ५४० मत खसेको थियो।

■ प्रदेशको समानुपातिकमा त बदर हुने मत १५ लाखसम्म

प्रदेश तहको निर्वाचनमा यस प्रणालीतर्फ मत बदर हुने दर अझ धेरै छ। ०७४ को निर्वाचनमा प्रदेशको समानुपातिक प्रणालीतर्फ मात्रै १४.५१ प्रतिशत मत बदर भए। उक्त निर्वाचनमा मुलुकभरका सातै प्रदेशमा १ करोड ५ लाख ५० हजार ५७० मत खसेकोमा १५ लाख ३१ हजार २२३ मत बदर भएका थिए। त्यस्तै, ०७९ को निर्वाचनमा भने मुलुकभर खसेको १ करोड १० लाख २८ हजार ३७६ मतमध्ये ७ लाख २२ हजार ३६५ मत बदर भएका थिए। यो कुल खसेको मतको ६.५५ प्रतिशत हो।

■ ०३६ को जनमतसंग्रहमा बदर भएको थियो ७.६९% मत

०३६ को जनमतसंग्रहमा कुल खसेको मतसंख्याको ७.६९ मत बदर भएको थियो। कुल ७१ लाख ९२ हजार ४११ मतदातामध्ये ४८ लाख १३ हजार ४८६ मत खसेको थियो। जसमध्ये ३ लाख ७० हजार २१८ मत बदर भएको निर्वाचन आयोगको तथ्यांक छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानमन्त्री कार्की र एमाले अध्यक्ष ओलीबिच भेटवार्ता

एकै चरणमा चुनावदेखि झापाको सुरक्षासम्मका विषयमा छलफल



● प्रधानमन्त्री सुशीला कार्कीले भनिन्- **झापा ५ मा शान्तिपूर्ण गरिदिनुस्, तपाईंहरूको पनि भूमिका हुन्छ**

झापा ५ मा शान्तिपूर्ण निर्वाचन गराउन तपाईंहरूको पनि भूमिका हुन्छ। शान्तिपूर्ण ढंगले चुनाव सम्पन्न गर्नौं। अहिले शान्त र राम्रो वातावरण बनेको छ। राज्यले पक्तिभेद गर्दैन। हाम्रोतर्फबाट कहीं-कतै समस्या छैन। हाम्रा कमजोरी कहीं छन् भने भनिदिनुस्, सच्याउँछौं। यो आपत्कालीन अवस्थाको चुनाव हो, नियमित पनि होइन। त्यसकारण यो अध्यायलाई राम्रोसँग समापन गरेर देशलाई नयाँ अध्यायमा लान जिम्मेवारपूर्वक लागौं। हाम्रो पुस्ताको त झन् दायित्व छ।



● जवाफमा केपी ओलीले भने- **मेरो क्षेत्रमा इतिहासमा कहिल्यै पनि धाँधली, बुथ क्याप्चर भएको छैन**

एमाले ध्वंसमा विश्वास गर्दैन। बल प्रयोग गर्दैन। आचारसंहिता पूर्ण पालना गर्छ। मेरो क्षेत्रमा इतिहासमा कहिल्यै पनि धाँधली, बुथ क्याप्चर भएको छैन। एमालेबाट समस्या हुँदैन। आचारसंहिता सबैभन्दा राम्रोसँग एमालेले पालना गरेको छ।

नयाँ पत्रिका

निर्वाचनको वातावरण अझै नबनेको भन्दै सरकारलाई दबाब दिँदै आएका एमाले अध्यक्ष केपी ओलीले बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसँग भेटेर तोकिएकै मितिमा एकै चरणमा मतदान हुनुपर्ने बताएका छन्। प्रधानमन्त्रीनिवास बालुवाटारमा दुई घण्टा भएको छलफलमा ओलीले कुनै ठाउँमा निर्वाचन सरे वा रद्द हुने अवस्था भए लामो ग्याप नराख्न, मतदान सकिएलगत्तै मतगणना गर्न र सेनालाई 'ब्याक फोर्स'का रूपमा मात्रै परिचालन गर्न पनि सुझाएका छन्।

'चुनाव एकै चरणमा होस्, ग्याप नहोस् भन्ने उहाँ (ओली)को कुरा थियो। कुनै कारणले ढिला भयो वा विभिन्न कारणले सार्नुपऱ्यो भने कुनै ठाउँमा रद्द गर्नुपर्दा लामो ग्याप नहोस्,

» पृष्ठ २ मा क्रमशः

प्रत्यक्षतर्फका ७२ लाख ६० हजार मतपत्र छपाइ

प्रत्यक्षतर्फ चाहिन्छ कुल दुई करोड तीन लाख २३ हजार

कमलराज भट्ट / नयाँ पत्रिका

समानुपातिकतर्फको मतपत्र यसअघि नै छापिसकेको जनक शिक्षा सामग्री केन्द्रले प्रत्यक्षतर्फको ६० निर्वाचन क्षेत्रका लागि ७२ लाख ६० हजार मतपत्र छापेको छ। निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ कुल दुई करोड तीन लाख २३ हजार मतपत्र चाहिन्छ।

छापिएका मतपत्रलाई पाँच हजार ८२५ बाकसमा प्याकिङसमेत गरिसकिएको छ। डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा र सुनसरी गरी २५ जिल्लाको छपाइसहित प्याकिङ पनि सकिएको हो।

आयोगले यसअघि जनक शिक्षाबाटै समानुपातिकतर्फका दुई करोड आठ लाख ३० हजार मतपत्र छापिसकेको छ। यो मतपत्र प्याकिङ र रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्रीले गरिन् मतपत्र छपाइको अनुगमन



प्रधानमन्त्री सुशीला कार्कीले मतपत्र छपाइ प्रक्रियाको अनुगमन गरेकी छिन्। बिहीबार निर्वाचन आयोगका पदाधिकारी र सरकारका मन्त्रीसहित भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र पुगेकी कार्कीले मतपत्र छपाइको रफ्तारले अब निर्वाचनको तयारी सकिएको र मतदान गर्न मात्र बाँकी रहेको बताइन्। 'छापाखानाका कर्मचारीले राम्रो काम गर्नुभएको छ। मतपत्र हेर्ने काम भयो। हामीलाई लाग्यो कि अब निर्वाचन भयो। अब खालि जनताले छाप लाउन मात्रै बाँकी छ,' उनले भनिन्।

नेपाल कै नं. १ सोफा फ्याक्ट्री
सोफा हब काठमाडौं प्रा.लि.
प्रधान कार्यालय सम्पर्क गोठाटार 9851152589


50,000/- सम्म छुट


20,000/- सम्म छुट

सामाखुसी र कलंकी शाखा
बसुन्धरा चौकीको अगाडि सरेको छ ।


20,000/- सम्म छुट


15,000/- सम्म छुट


10,000/- सम्म छुट


5,000/- सम्म छुट

हाम्रा शाखाहरु
बसुन्धरा 9820114870 | पोखरा 9820114872 | बिर्तामोड 9705114873 | चितवन 9845728156 | नेपालगंज 9705114870 | धनगढी 9705114879 | बुटवल 9705114876 | हेटौंडा 9705114874

100% PREMIUM QUALITY | 20 YEAR WARRANTY | FREE DELIVERY
सस्तो पनि राम्रो पनि, टिक्छ मज्जाले टिक्छ

प्रत्यक्षतर्फका...

पृष्ठ १ बाट क्रमशः

राखिएको प्रवक्ता नारायण भट्टराईले बताए । उनका अनुसार १० लाख ९८ हजार २०० नमुना मतपत्रको छपाइ सकेर विभिन्न जिल्ला पठाइसकिएको छ ।

निर्वाचन कार्यतालिकाअनुसार सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवानी १२ फागुनमा गर्ने आयोगको तयारी छ । 'मतपेटिकाहरू जिल्लामै स्टक छन् । कहीँ नपुग्ने अवस्था छ भने केन्द्रबाटै पठाइन्छ । अन्य सामग्री जिल्लाले खाद्य कम्पनी लिमिटेडबाट जिटुजीमा लिइरहेका छन् । ढुवानी यो महिनाभित्र भइसक्छ । यो हप्ताभित्रै माथिबाट गर्ने ढुवानीका लागि तयारी भइरहेको छ, ढुवानीकर्ता टुंग्याउने काम भइरहेको छ,' आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने, 'सुरुमा सामग्री पठाउने हो । मतपत्र आर्मीको सुरक्षामा जनक शिक्षाबाटै जान्छ । अरू सामग्रीको आयोगको प्रांगणबाट प्रहरीको सुरक्षामा पठाइन्छ ।'

Bagmati Rural Municipality
Office of Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

Invitation for Electronic Bid for the Procurement of Goods

First date of Publication: 2082/10/23 (06th Feb. 2026)

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites for the electronic bids from eligible bidders for the procurement of following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Makwanpur. Tel: 9849162772/9765744115/9866484834, website: **http://bagmatimunmakawanpur.gov.np/** or may visit PPMO e-GP system: **https://www.bolpatra.gov.np/egp/**

Contract ID number/ IFB No.	Description of Particulars	Estimated Amount Inclusive VAT (NRs.)	Amount for Bidding Document (NRs.)	Amount of Bid Security (NRs.)	Remarks
BRM/NCB/GOODS/002/2082/083	Supply and Delivery of Self-loading Concrete Mixture Machine (Front Loading System)	96,99,999.10/-	3,000/-	2,45,000/-	
BRM/NCB/GOODS/003/2082/083	Procurement of child development center establishment, child friendly class rooms development and mobilized/operations	59,99,634.80/-	3,000/-	1,35,000/-	

Chief Administrative Officer

कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड
Kalika Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था

Central Office : Pokhara-10, Buddhachowk, Kaski
Phone : 061-434412/434415

Unaudited Financial Result (Quarterly)
As at the end of Second Quarter (2082/09/30) of the fiscal year 2082/083

Condensed Consolidated Statement of Financial Position
(As on 2nd Quarter Ended) 30th Poush 2082

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash equivalent	249,147,265	289,155,668
Statutory Balances and Due from Nepal Rastra Bank	22,672,750	22,672,750
Placement with Bank & Financial Institutions	55,383,399	59,272,821
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	4,928,169,967	4,754,584,488
Investment Securities	2,000,000	2,000,000
Current Tax Assets		13,470,699
Investment Property	-	-
Property and Equipment	16,000,431	78,687,690
Goodwill and Intangible assets	65,920,583	342,206
Deferred Tax Assets	7,423,142	7,423,142
Other Assets	29,990,206	29,853,310
Total Assets	**5,376,707,742**	**5,257,462,774**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	1,792,125,868	1,662,520,219
Borrowing	2,708,266,911	2,791,769,991
Current Tax Liabilities	3,720,009	
Provisions	7,801,939	6,230,131
Deferred Tax Liabilities		-
Other Liabilities	126,190,454	115,136,853
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**4,638,105,181**	**4,575,657,194**
Equity		
Share Capital	448,461,535	407,692,305
Share Premium	-	-
Retained Earnings	46,013,867	55,555,920
Reserves	244,127,159	218,557,355
Total Equity	**738,602,561**	**681,805,580**
Total Liabilities and Equity	**5,376,707,742**	**5,257,462,774**

Condensed Statement of Profit or Loss
For the 2nd Quarter ended (30th Poush 2082)

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	161,604,963	355,965,717	164,456,145	315,388,014
Interest Expense	65,468,362	138,294,942	72,032,967	144,577,249
Net Interest Income	**96,136,601**	**217,670,774**	**92,423,178**	**170,810,765**
Fee and Commission Income				
Fee and Commission Expense				
Net Fee and Commission Income	-	-	-	-
Net Interest, Fee and Commission Income	**96,136,601**	**217,670,774**	**92,423,178**	**170,810,765**
Net Trading Income	-	-	-	-
Other Operating Income	14,131,844	27,330,141	13,491,971	27,811,535
Total Operating Income	**110,268,445**	**245,000,915**	**105,915,149**	**198,622,300**
Impairment charge/(reversal) for loans and other losses	(432,590)	11,520,569	(605,342)	5,111,986
Net Operating Income	**110,701,035**	**233,480,347**	**106,520,491**	**193,510,314**
Operating Expense	**67,737,649**	**149,953,681**	**65,271,106**	**133,394,208**
Personnel Expenses	50,167,990	116,042,225	49,170,567	102,008,175
Other Operating Expenses	17,569,659	33,911,456	16,100,539	31,386,033
Depreciation & Amortization				
Operating Profit	**42,963,386**	**83,526,665**	**41,249,385**	**60,116,106**
Non Operating Income	-	43,956	105,589	105,589
Non Operating Expense				
Profit before Income Tax	**42,963,386**	**83,570,621**	**41,354,974**	**60,221,695**
Income Tax Expense	**12,889,016**	**25,071,186**	**12,406,492**	**18,066,510**
Current Tax	12,889,016	25,071,186	12,406,492	18,066,510
Deferred Tax				
Profit for the Period	**30,074,370**	**58,499,435**	**28,948,482**	**42,155,186**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit / (Loss) for the Period	30,074,370	58,499,435	28,948,482	42,155,186
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**30,074,370**	**58,499,435**	**28,948,482**	**42,155,186**
Annualized Basic Earnings Per Share	-	26.09	-	20.68
Diluted Earnings Per Share	-	26.09	-	20.68

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital fund to RWA		12.10%		11.17%
Non-performing loan (NPL) to total loan		11.42%		4.67%
Total loan loss provision to Total NPL		42.54%		82.54%
Cost of Funds		6.32%		8.20%
Credit to Deposit and borrowing Ratio		112.75%		115.63%
Base Rate		13.04%		14.61%
Interest Rate Spread		8.67%		6.79%

Statement Of Distributable Profit or loss
For the 2nd Quarter ended (30th Poush 2082)

Amount in NPR

Net Profit for the period end (2nd quarter)	**58,499,435**
1. Appropriation	**25,126,511**
1.1 Profit required to be appropriated to:	**13,162,373**
a. General Reserve	11,699,887
b. Capital Redeemption Reserve	
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility Fund	584,994
e. Employee Training Fund	
f. Client Protection Fund	877,492
g. Other	
1.2 Profit required to be transferred to Regulatory Reserve:	**11,964,138**
a. Transferred to Regulatory Reserve	11,964,138
b. Transferred from Regulatory Reserve	
Net Profit for the period end 2nd quarter available for distribution	**33,372,924**
Annualized Distributable Profit /Loss per Share	14.88

Notes :

1 The above financial statements has been prepared in accordance with the Directives issued by Nepal Rastra Bank. However, results depicted in the financial statements were prepared in accordance with GAAP.
2 Loans and Advances to Customers are presented net off of Impairment Charges.
3 Employee Benefit Expenses includes Staff Bonus & employee benefit obligation has been presented ignoring actuarial valuation.
4 Current Tax Liabilities & Current Tax Assets has been netted off in Statement of Financial Position.
5 Accrued Interest Income on Loans and advances except non performing loan has been included in Interest Income.
6 During this quarter, loans and advances are secured by Deposit and Credit Guarantee Fund, consequently loan loss provision has been reduced as per the directives issued by NRB.
7 The above figures are subject to change upon otherwise as per the direction of the Regulators and / or Statutory Auditors.

Interest rate	
Deposit: 7.36%	Loans & Advance: 14.72%-15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व २०८२/०८३ को दोश्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
आ.व.२०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाव, वितरण योग्य मुनाफा र सो संग सम्वन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेवसाईट www.kalikabank.com.np मा पनि राखिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु:**

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
२६.०९	३६.५३	१६४.७०	१२०९.८६	८.६२

२. **व्यवस्थापकीय विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : यस वित्तीय संस्थाको वचत संकलन तथा कर्जा लगानीमा विस्तार भए संगै मौज्दात, आम्दानी र तरलतामा सापेक्षिक रुपमा वृद्धि भएको छ । बजारमा लगानी योग्य पुँजी सहज तथा न्यून ब्याजदरमा उपलब्ध हँदा कर्जा विस्तारमा सहज तथा ब्याज खर्चमा समेत कमी आएको छ ।

ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस त्रैमाससम्ममा वित्तीय संस्थाले ४९ जिल्लामा १०७ शाखा कार्यालय मार्फत ९०९८२ विपन्न घरपरिवार लाई लघुवित्त कार्यक्रममा सहभागी गराई २९५७४ सदस्यहरुलाई कर्जा सेवा उपलब्ध गराउन सफल भएको छ । वित्तीय संस्थाले ५ वर्षे व्यावसायिक कार्ययोजनाको अतिरिक्त वार्षिक नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याएको छ । साथै नयाँ लगानीका क्षेत्रहरुको पहिचान गरी गुणस्तरीय एवम् भरपर्दो वित्तीय सेवा संचालन गर्दै जाने योजना रहेको छ ।

ग) **विगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : हालको विषम परिस्थितिले वचत परिचालन, कर्जा लगानी तथा असुलीमा पारेको असर यस वित्तीय संस्थामा पनि देखिएको छ । सो को निराकरणका लागि आवश्यक रणनीति तर्जुमा गरी कार्यान्वयन गरिदै आईरहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** :

क) यस अवधिमा वित्तीय संस्थाले आर्थिक अपचलनमा सहभागी दुई जना कर्मचारीहरुलाई वैकिङ कसुर तथा सजायँ ऐन, २०६४ अनुसार उच्च अदालत कास्कीमा कानुनी कारवाही अगाडी वढाई वित्तीय संस्थाको पक्षमा फैसला भईसकेको छ । साथै, हालसम्म वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

ख) वित्तीय संस्थाका सञ्चालकले वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा, फौजदारी तथा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) यस त्रैमासिक अवधिमा दोश्रो वजारको शेयर कारोवार हेर्दा उत्साह जनक रुपमा कारोबार भएको देखिन्छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार यस त्रैमासको अवधिमा यस वित्तीय संस्थाको शेयर मुल्य तथा कारोबार निम्नानुसार रहेको थियो ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
रु ११८९.३	रु ९२१.३	रु ९५३	५५	५८३३

५. **समस्या तथा चुनौती** :

- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।
- सदस्यहरुमा सामुहिक जमानीको भावनामा ह्रास आउनु ।
- पहाडी तथा हिमाली क्षेत्रमा सेवा प्रवाह गर्न कठिनाई तथा न्युन उत्पादकत्व ।
- लगानी भएको कर्जाको उच्च जोखिम ।
- कार्यक्रमको बृद्धिसँगै सञ्चालन खर्चमा समेत वृद्धि हुँदै जानु ।
- दक्ष कर्मचारीहरुको पलायन ।
- भौतिक साधन श्रोतको पर्याप्त उपलब्धता गर्न कठिनाई ।
- समय सापेक्ष प्रविधिमा गर्नुपर्ने उच्च लगानीको लागी समस्या ।

६. **संस्थागत सुशासन** :

क) नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायवाट जारी गरिएको संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुको पूर्ण परिपालन गरिएको छ ।

ख) संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक समितिहरु सक्रिय रहेका छन् । संस्थाको आन्तरिक लेखापरीक्षण नियमित रुपमा गर्ने गरिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

बैतडीमा जन्ती बोकेको बस दुर्घटना

आठको मृत्यु, ३७ घाइते

बैतडी/ बैतडीमा जन्ती बोकेको बस दुर्घटना हुँदा आठजनाको मृत्यु भएको छ । ३७ घाइते भएका छन् । बिहीबार बेलुका बेहुली लिएर बभ्राङतर्फ जाँदै गरेको बस बैतडीको पुर्चौडी नगरपालिका-७, बडूगाउँ मोडमा दुर्घटनामा परेको हो ।

जिल्ला प्रहरी कार्यालय बैतडीका डिएसपी दीपककुमार रायका अनुसार बभ्राङ बित्थडचिर गाउँपालिका- ७ का ४० वर्षीय केशवराज जोशी, १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय वसन्त जोशी, ४१ वर्षीय विष्णुदत्त जोशी र ४२ वर्षीय नरेशराज जोशीको मृत्यु भएको छ । सोही गाउँबाट जन्ती बैतडी आएका थिए । त्यस्तै, बभ्राङकै केदारस्यु गाउँपालिकाका ६० वर्षीय मोहनदेव भट्ट र जयपृथ्वी नगरपालिकाका ४० वर्षीय वसन्तराज रतलाको पनि मृत्यु भएको छ । बैतडीको पुर्चौडी-७ की ४० वर्षीया पुष्पा अवस्थीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ । घाइतेहरूलाई स्वास्थ्य चौकी कोटिलामा उपचारका लागि पठाइएको छ ।

पवनदूत यातायातको सुपप्र ०२००१ ख १११९ नम्बरको बस जन्ती लिएर पुर्चौडीबाट बभ्राङतर्फ गइरहेको थियो । बसमा १८ महिला र २७ पुरुष रहेको डिएसपी रायले जानकारी दिए ।

सवा चार लाख...

पृष्ठ १ बाट क्रमशः

३७ लाख खर्च गरेको थियो । विनियोजित रकमको आधा मात्रै मतदाता शिक्षामा खर्च हुन सक्यो । उक्त निर्वाचनमा पाँच प्रतिशत मत बदर भएको थियो । आयोगको तथ्यांकअनुसार संघतर्फको प्रत्यक्ष निर्वाचनमा कुल एक करोड १० लाख ४७ हजार ३४ मत खसेकोमा पाँच लाख ५९ हजार ८६ अर्थात् ५.०६ प्रतिशत बदर भएको थियो । त्यस्तै, समानुपातिकतर्फ एक करोड ११ लाख २६ हजार २२६ मत खसेकोमा पाँच लाख ६६ हजार १४४ अर्थात् ५.०८ प्रतिशत बदर भएको थियो ।

०७९ कै प्रदेशतर्फको प्रत्यक्ष निर्वाचिततर्फ एक करोड १० लाख ३४ हजार पाँच सय मत खसेकोमा चार लाख ४९ हजार दुई सय अर्थात् ४.०७ प्रतिशत बदर भएको थियो । त्यस्तै, समानुपातिकतर्फ एक करोड १० लाख २८ हजार ३७६ मत खसेकामा सात लाख २२ हजार ३६५ अर्थात् ६.५५ प्रतिशत बदर भएको थियो ।

०७९ कै ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा भने कुल एक करोड २५ लाख ९० हजार ९४३ मत खस्दा तीन लाख दुई हजार १८२ अर्थात् २.४ प्रतिशत बदर भएको थियो । उक्त, निर्वाचनमा आयोगले मतदाता शिक्षाका नाममा ५३ करोड १४ लाख १८ हजार खर्च गरेको थियो ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले प्रत्येक निर्वाचनमा सदर पाँचदेखि ६ प्रतिशत मत बदर हुने गरेको बताए । निर्वाचन प्रणाली, मतदाताको चेतनास्तर, राजनीतिक दल, मतदाता शिक्षालगायत कारण मत बदर हुने गरेको उनको भनाइ छ । 'मत बदर विश्वका सबै मुलुकमा हुने गर्छन् । यसका पछि केही मेजर फ्याक्टर भने रहन्छन् । जस्तो- सम्बन्धित मुलुकले अपनाएको निर्वाचन प्रणाली, मतदाताको चेतनास्तर, राजनीतिक दल तथा निर्वाचन आयोगले मतदातालाई दिने शिक्षालगायत यसमा पर्छन् । जहाँ म्यानुअली मतदान हुन्छ, त्यहाँ मत बदर हुने दर धेरै हुन्छ,' उनले भने । निर्वाचनका वेला हुने राजनीतिक गठबन्धन पनि मत बदर हुने अर्को कारण रहेको घिमिरेको दाबी छ । 'दलबिच गठनबन्धन हुँदा मतदाता कुन चिह्नमा भोट हाल्ने भनेर अलमलिने भएकाले मत बदर धेरै हुन्छ,' उनले भने ।

०७९ को निर्वाचनमा मात्रै होइन, त्यसअघिका निर्वाचनमा पनि मत बदरदर उस्तै छ । ०७४ को निर्वाचनमा आयोगले मतदाता शिक्षाका नाममा ७५ करोड सकाएको थियो । तर, त्यही निर्वाचनमा सबैभन्दा धेरै मत बदर भएको थियो । समानुपातिकतर्फ १० लाख ४९ हजार २६५ मत अर्थात् ९.९० प्रतिशत बदर भएको थियो । त्यतिवेला एक करोड पाँच लाख ९४ हजार चार मत खसेको थियो । त्यस्तै, प्रत्यक्षतर्फ पाँच लाख ४८ हजार ५७० अर्थात् ५.१७ प्रतिशत मत बदर भएको थियो । सोही वर्ष प्रदेशको प्रत्यक्षतर्फ ९९ लाख ३५ हजार ९५४ मत खसेकोमा चार लाख ५० हजार ४९४ मत बदर भएको थियो, जुन खसेको मतको ४.५३ प्रतिशत हो । समानुपातिकतर्फ त अझ १४.५१ प्रतिशत मत बदर भएको थियो । समानुपातिकतर्फ एक करोड पाँच लाख ५० हजार ५७० मत खसेकोमा १५ लाख ३१ हजार २२३ मत बदर भएको आयोगको तथ्यांक छ । उक्त निर्वाचनमा मतदाता शिक्षा अभियानअन्तर्गत घरदैलो कार्यक्रममा मात्र ४० करोड सकिएको आयोगले जनाएको छ । ३५ करोड छापा र विद्युतीय सञ्चारमाध्यममा निर्वाचन शिक्षासम्बन्धी जानकारी प्रकाशन र प्रसारणमा खर्च भएको थियो । त्यस्तै, ०७४ कै असार र भदौमा दुई चरणमा भएको स्थानीय तह निर्वाचनमा एक करोड चार लाख ८९ हजार २०९ मत खसेकोमा ३.४४ प्रतिशत अर्थात् तीन लाख ६० हजार ८२८ मत बदर भएको निर्वाचन आयोगको रेकर्ड छ ।

०७० को संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ ४.९६ प्रतिशत अर्थात् चार लाख ७१ हजार ८२६ र समानुपातिकतर्फ ३.२० प्रतिशत अर्थात् तीन लाख १२ हजार ८४१ मत बदर भएका थिए । यो निर्वाचनमा आयोगले मतदाता शिक्षाको नाममा २६ करोड रुपैयाँ खर्च गरेको थियो ।

त्यस्तै, ०६४ को पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ ५.१५ प्रतिशत अर्थात् पाँच लाख ६० हजार ११ र समानुपातिकतर्फ ३.२६ प्रतिशत अर्थात् चार लाख सात हजार चार सय ६२ मत बदर भएका थिए । त्यस बेला आयोगले मतदाता शिक्षाका लागि ३७ करोड २६ लाख २३ हजार २८७ रुपैयाँ छुट्याएको थियो । खर्च भने २४ करोड ८७ लाख ६३ हजार ४६३ रुपैयाँ मात्रै भएको आयोगले जनाएको छ ।

निर्वाचन आयोगका अनुसार त्यसअघि ०५६ को निर्वाचनमा २.७५, ०५४ मा ४, ०५१ मा ३.१६, ०४९ मा ४ र ०४८ मा ४.४२ प्रतिशत मत बदर भएका थिए । ०३६ मा भएको जनमतसंग्रहमा पनि ७.६९ प्रतिशत मत बदर भएका थिए । ०४९ र ०५४ को स्थानीय तह निर्वाचनको बदर मतको यकिन तथ्यांक आयोगसँग नै छैन । अन्य निर्वाचनमा बदर भएको अंकलाई आधार मानेर चार प्रतिशत कायम गरेको छ । तर, आयोगको पुस्तकालयमा रहेको पुरानो ढड्डामा प्राप्त ०५४ को निर्वाचनको ४४ जिल्लामा ८.१० प्रतिशत बदर भएको देखिन्छ । ती जिल्लामा ८३ लाख १७ हजार ८३ बाट ५६ लाख ९० हजार १७५ मत खसेको थियो । जसमा बदर भएको मत संख्या चार लाख ६१ हजार १०८ थियो ।

आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल मतदातामा मतदान गर्ने ज्ञान नहुँदा र जबर्जस्ती मतदान गर्नुपर्ने अवस्था आउँदा पनि मत बदर हुने गरेको बताउँछन् । 'प्रत्येक निर्वाचनमा ठुलो संख्यामा मत बदर हुनुका दुई कारण देखिन्छन् । पहिलो मतदातालाई कसरी मतदान गर्ने भन्ने ज्ञान नहुँदा हो । अर्को मतदातालाई कुनै पनि उम्मेदवार मन परेको छैन, तर जसरी पनि मतदान गर्नुपर्ने बाध्यता छ । यस्तो वेलामा उसले सही ठाउँमा मतदान गर्दैन । त्यसबाहेक कतिपय प्राविधिक कारणबाट पनि मत बदर हुन्छन् । जस्तो- मतदानपछि मतपत्र पट्याउनुपर्ने हुन्छ । त्यसवेला मसी लतपतिन्छ । यस्तो वेला पनि मत बदर हुन्छन् ।'

निर्वाचन आयोगका पूर्वसचिव गोपीनाथ मैनाली भने मतदाता शिक्षा प्रणाली प्रभावकारी नहुँदाभन्दा पनि मतदानस्थलमा खटिने कर्मचारी र मतदाताबिच सही तवरले समय व्यवस्थापन नहुँदा मत बदर हुन गरेको बताउँछन् । 'मतदाता शिक्षाको कमीले मात्रै मत बदर भएको छैन । मतदाता र मतदान केन्द्रमा खटिएका कर्मचारीबिच सही तवरले समय व्यवस्थापन नहुँदा धेरै मत बदर हुने गरेका छन् । जस्तै- मतदान गर्दा मतदाता हडबडाउँछन् । उनीहरूले एकभन्दा धेरै ठाउँमा छाप लगाउन पुग्छन् । उनीहरू र उनीहरूलाई सहजीकरण गर्ने कर्मचारीबिच सही तवरले समय व्यवस्थापन हुन सके बदर हुने मतको दर घट्न सक्छ ।'

२१ फागुनको निर्वाचनका लागि मतदाता शिक्षामा २५ करोड विनियोजन

निर्वाचन आयोगले २१ फागुनमा हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता शिक्षामा २५ करोड विनियोजन गरेको छ । सञ्चारमाध्यममा प्रचारप्रसारदेखि मतदान केन्द्रमा खटिने मतदाता शिक्षक स्वयंसेवकका लागि उक्त रकम खर्च हुनेछ । देशभरका करिब २३ हजार मतदान केन्द्रमा खटिने मतदाता शिक्षक स्वयंसेवकले मतदान केन्द्रमा आउने मतदातालाई मत हाल्ने तरिका सिकाउनेछन् । त्यस्तै, डिजिटल प्रचार सामग्री र प्रचारप्रसारमा विनियोजित रकम खर्च हुनेछ । टेलिभिजन, रेडियो, पत्रपत्रिकालगायतका परम्परागत सञ्चारमाध्यममा भने विगतको तुलनामा कम प्रचारप्रसार गरिनेछ ।

आयोगले यसपटक निर्वाचन शिक्षासँग सम्बन्धित सामग्री आफ्नो आधिकारिक सामाजिक सञ्जाल फेसबुक, ट्विटर, टिकटकलगायत पेजमार्फत मतदातासमक्ष पुऱ्याउने योजना बनाएको छ । यसका लागि आवश्यक सामग्री उत्पादन भइरहेको र आयोगकै पेज प्रयोग गरेर उत्पादित सामग्री मतदातासमक्ष लगिने आयोगका सूचना अधिकारी घिमिरेले बताए ।

'यसपटक निर्वाचन शिक्षाको शीर्षकमा २५ करोड बजेट विनियोजन भएको छ । विनियोजित रकम मतदानस्थलमा खटिने कर्मचारी तथा स्वयंसेवकलाई तालिम दिनेदेखि मतदाता शिक्षा शीर्षकमा खर्च हुनेछ,' उनले भने, 'यसका लागि परम्परागत सञ्चारमाध्यमभन्दा पनि डिजिटल मिडिया प्रयोग गरिनेछ । जस्तो- आयोगकै धेरै पेजहरू छन् । सोही पेजमार्फत उत्पादित सामग्री मतदातासम्म पुऱ्याइनेछ ।'

इलेक्ट्रोनिक भोटिङ प्रणालीबाट हटाउन सकिन्छ बदर

निर्वाचन आयोगले ०६४ मा भएको संविधानसभा निर्वाचनमा केही ठाउँमा इलेक्ट्रोनिक भोटिङ प्रणाली लागू गरेको थियो । पहिलोपटक लागू गरिएको उक्त प्रणाली सफल भएको थियो । तर, त्यसपछिका निर्वाचनमा इलेक्ट्रोनिक भोटिङ प्रणाली लागू गरिएन । बजेट र कानुनको अभाव तथा राजनीतिक दलको उदासीनतालगायत कारण इलेक्ट्रोनिक भोटिङ प्रणाली लागू हुन सकेन । आयोगका पूर्वसचिव मैनाली बदर मत रोक्ने सबैभन्दा उत्तम माध्यम इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम) प्रयोग रहेको बताउँछन् ।

'इभिएम प्रयोग गर्दा मतदानको दर बढ्ने मात्र नभई बदर मतको दरसमेत घटाउँछ । मतगणनामा पनि यसले छिटो र छरितो बनाउँछ । यो त्यति धेरै खर्चिलो पनि छैन । छिमेकी मुलुक भारतमा इभिएम प्रयोग हुन्छ । त्यही प्रविधि हामीकहाँ भित्र्याउँदा खासै महँगो पर्दैन, तर त्यसो हुन सकिरहेको छैन,' उनले भने ।

एकै चरणमा...

पृष्ठ १ बाट क्रमशः

मतदान सम्पन्न हुनासाथ तत्कालै गणना होस् र सेना ब्याक फोर्स भएकाले त्यही भूमिकामा रहोस् भन्ने उहाँको चासो थियो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले भने ।

जवाफमा प्रधानमन्त्री कार्कीले निर्वाचन एकै चरणमा हुने र तोकिएको मितिभन्दा कुनै हालतमा तलमाथि नहुने स्पष्ट पारेकी थिइन् । 'प्रधानमन्त्रीज्यूले निर्वाचन एकै चरणमा गर्छौं, कुनै पनि हालतमा तलमाथि हुँदैन भन्नुभयो,' रावलले भने । छलफल सौहार्दपूर्ण भएको उनको भनाइ छ ।

भेटमा ओलीले आफू शुक्रबार झापा जान लागेको जानकारी पनि गराएका थिए । झापाको प्रसंग आएपछि प्रधानमन्त्री कार्कीले जिल्लामा शान्तिपूर्ण भूमिका खेलिदिन अनुरोध गरेकी थिइन् । 'त्यहाँ (झापा ५ मा) शान्तिपूर्ण गरिदिनुस् । शान्तिपूर्ण गराउन तपाईहरूको पनि भूमिका हुन्छ । शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरौं । अहिले शान्त र राम्रो वातावरण बनेको छ । राज्यले पंक्तिभेद गर्दैन । जसरी हुन्छ चुनाव सम्पन्न गरौं,' उनले भनेकी थिइन्, 'हाम्रोतर्फबाट कहीँ-कतै समस्या छैन । हाम्रा कमजोरी कहीँ छन् भने भनिदिनुस्, सच्याउँछौं । यो आपत् कालीन अवस्थाको चुनाव हो, नियमित पनि होइन । त्यसकारण यो अध्यायलाई राम्रोसँग समापन गरेर देशलाई नयाँ अध्यायमा लान जिम्मेवारपूर्वक लागौं । हाम्रो पुस्ताको त भन् दायित्व छ ।'

जवाफमा अध्यक्ष ओलीले एमाले शान्तिपूर्ण वातावरणमा विश्वास गर्ने पार्टी भएकाले आचारसंहिता राम्रोसँग पालना गर्ने बताएका थिए । 'एमाले ध्वंसमा विश्वास गर्दैन । बल प्रयोग गर्दैन । आचारसंहिता पूर्ण पालना गर्छ । मेरो क्षेत्रमा इतिहासमा कहिल्यै पनि धाँधली, बुथ क्याप्चर भएको छैन । एमालेबाट समस्या हुँदैन । एमाले अनुशासित छ । आचारसंहिता सबैभन्दा राम्रोसँग एमालेले पालना गरेको छ,' उनले भनेका थिए ।

कार्की र ओलीबिच पुराना दिनका विषयमा अनौपचारिक, पारिवारिक र स्वास्थ्य अवस्थाबारे पनि भलाकुसारी भएको थियो ।

नेमकिपाले जोगाउला भक्तपुरको किल्ला ?

नेमकिपाको गढ मानिने भक्तपुर १ मा इतिहास रच्ने दाउमा अन्य दल

शुरोजंग पाण्डे/नयाँ पत्रिका

भौगोलिक रूपमा देशकै सानो, तर ऐतिहासिक र सांस्कृतिक सम्पदाको दृष्टिले अग्रपंक्तिमा रहेको भक्तपुर जिल्लामा चुनावी सरगर्मी बढ्दै गएको छ। नेमकिपाको गढसमेत भनिने भक्तपुर १ मा यसपटक कांग्रेस, एमाले, नेकपा, रास्वपा र राप्रपासहितका दलहरू इतिहास रच्ने दाउमा छन्। नेमकिपा भने ०४८ यताका सबै चुनाव जितेको आफ्नो गढ सुरक्षित गर्ने योजनामा छ। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेले ०४८, ०५१, ०५६, ०६४ र ०७० गरी पाँचपटक चुनाव जिते। ०७४ र ०७९ महासचिव प्रेम सुवाललले जितलाई निरन्तरता दिएका छन्। सुवाल प्रत्यक्षमा ह्याट्रिक गर्ने योजनासहित पुनः उम्मेदवार बनेका छन्। उनी ०७० मा समानुपातिकबाट संविधानसभा सदस्य बनेका थिए।

चुनाव नजिकिँदै जाँदा उम्मेदवारहरू आन्तरिक योजना र मतदाता भेटघाटतिर लागेका छन्। घोषणापत्र जारी हुन बाँकी रहेकाले राष्ट्रिय राजनीतिक एजेन्डा तथा स्थानीय विकास र समस्याबारे पार्टीको दृष्टिकोण लिएर जितको योजना बनाएर विभिन्न रणनीतिसहित चुनावी प्रचारमा अघि बढेका छन्।

यसपटक एमालेले नेमकिपाका सुवाललाई चुनौती दिन ०७९ को निर्वाचनका प्रतिस्पर्धी सोम मिश्रलाई नै उम्मेदवार बनाएको छ। उनी चाँगुनारायण नगरपालिकाका संस्थापक मेयर पनि हुन्। कांग्रेसले किरण न्यौपानेलाई उम्मेदवार बनाएको छ। ०७९ को चुनावमा राप्रपाका भरतबहादुर खड्काले तेस्रो र कांग्रेससहितको समर्थनमा तत्कालीन माओवादीका उम्मेदवार सुनील गोठेले चौथो स्थानको मत पाएका थिए। यसपटक नेकपाले हरिराम लबजूलाई अघि सारेको छ भने राप्रपाबाट खड्का नै उम्मेदवार छन्। रास्वपाबाट रुकेश रञ्जित उम्मेदवार छन्।

त्यस्तै, आम जनताका देवेन्द्र ठाकुर, उज्यालो नेपालका रमेश मल्ल, राष्ट्रिय जनमोर्चाका ईश्वरीप्रसाद पैयानी, जसपा नेपालका श्यामसुन्दर शिल्पकार, नेकपा (माओवादी)का चन्द्रमान कोजू, श्रम संस्कृतिका विष्णुहरि न्हिसुतू, नेकपा संयुक्तका दामोदर काफ्ले, प्रगतिशील लोकतान्त्रिकका रवि खाइजूसहित १६ उम्मेदवार प्रतिस्पर्धामा छन्।

नेमकिपाले यस क्षेत्रमा भएको विकासको जस लिनुका साथै केन्द्रमा खेलेको प्रतिपक्षीको भूमिका तथा निष्ठाको राजनीतिलाई नै प्रचार गरिरहेको छ। एमाले, कांग्रेसहित दलहरूले भने क्षेत्रलाई संकीर्णतामा कैद गरिँदा ठुला विकास परियोजना आउन नसकेको, जनताको पहुँच केन्द्र र प्रदेशमा हुन नसकेको जस्ता विषयलाई मुद्दा बनाएर प्रचार गरिरहेका छन्।



भक्तपुर १

मतदाता : १,००,७५४
महिला : ५४,९८८
पुरुष : ५२,०६६
मतदानस्थल : ३७
मतदान केन्द्र : ११९
उम्मेदवार : १६

■ यस्तो छ ०७९ को चुनावको अंकगणित

०७९ को निर्वाचनमा नेमकिपाका प्रेम सुवाललले निकटतम प्रतिस्पर्धी एमालेका नवराज गेलाललाई झन्डै चौबर मतान्तरले हराएका थिए। सुवाल ४२ हजार ७६१ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी गेलाललले ११ हजार ९६८ मत मात्र पाए। तेस्रो स्थानमा राप्रपाका भरतबहादुर खड्काले नौ हजार २२२ मत तथा चौथो स्थानमा तत्कालीन माओवादीका सुनील गोठेले पाँच हजार १६५ मत पाएका थिए। अन्य उम्मेदवारले ६ सयभन्दा कम ल्याएका थिए। समानुपातिकतर्फ नेमकिपाले ३२ हजार ९०४ मत पाएको थियो। त्यस्तै, रास्वपाले ११ हजार ११०, कांग्रेसले आठ हजार ८७५, एमालेले आठ हजार १९४, राप्रपाले पाँच हजार ९०३ र तत्कालीन माओवादी एक हजार ३६७ मत पाएका थिए।

भक्तपुरमा मतदाता एक लाख ७५४ मतदाता छन्। जसमध्ये महिला ५४ हजार ९८८ र पुरुष पुरुष ५२ हजार ६६ छन्। मतदानस्थल ३७ छन् भने मतदान केन्द्र ११९ कायम भएका छन्।

भक्तपुर बहुमुखी क्याम्पसका गोपालप्रसाद न्यौपानेले सहरमा नेमकिपाको वर्चस्व रहे पनि कांग्रेस र एमाले प्रतिस्पर्धी रहेको बताए। 'भक्तपुर नगरभित्रको सहरी क्षेत्र नेमकिपाको परम्परागत गढका रूपमा चिनिन्छ। सहरआसपास र चाँगुनारायण क्षेत्रमा भने एमाले र कांग्रेसजस्ता दल नै मुख्य प्रतिस्पर्धी छन्,' उनले भने, 'बजार क्षेत्रका मतदाता अन्तको काम र उम्मेदवारको तुलना गरेर मत दिने खालका छैनन्। बहुसंख्यक कृषि पेसामा संलग्न भएको र पुराना पुस्ताले मत परिवर्तन गर्ने सम्भावना न्यून छ। बजारका वडामा नेमकिपाको छाप नराम्रो देखिँदैन। प्रभावशाली उपस्थितिसहित जितको निरन्तरताका लागि नेमकिपालाई सहज हुन सक्छ।'

कस्ता छन् उम्मेदवारहरूका एजेन्डा ?

आदर्श समाज निर्माण प्राथमिकतामा

● **प्रेम सुवाल**, नेमकिपा



देश र जनताका पक्षमा गर्दै आएको निःस्वार्थ सेवा र कामका विषयमा जनतालाई प्रस्ट्याउँदै आएका छौं। आदर्श समाज निर्माणको विषय प्राथमिकता साथ जनताको बिचमा राखेर, उहाँहरूको सुझाव ग्रहण गर्ने काम पनि भइरहेको छ। हामीले निरन्तर काम गर्दै आएका छौं र जगजाहेर भएकै विषय हो।

मेरा कामका ट्र्याक रेकर्ड नै जितको आधार हो

● **सोम मिश्र**, एमाले



यहाँका जनताका लागि बन्द सिंहदरबारको ढोका यसपटक खोलेर नाता सम्बन्ध स्थापित गर्नुपर्छ। ख्वप विश्वविद्यालय निर्माण गर्ने भक्तपुरको एक मात्र सपना छ। चाँगुनारायणको प्रथम मेयर भएर मैले गरेको काम जनताले देखेका छन्, अनुभव गरेका छन्। निष्ठा, कामका ट्र्याक रेकर्ड, योग्यता र क्षमता नै मेरो जितने आधार हो।

न्यायोचित वितरण प्रमुख एजेन्डा

● **किरण न्यौपाने**, कांग्रेस



नवयुवाले सुशासनका लागि उठाएको मुद्दालाई प्राथमिकता दिँदै र विगतमा राजनीतिक दलहरूका कमजोरी नदोहोऱ्याउने प्रतिबद्धतासहित चुनावी प्रचारमा अगाडि बढेको छु। चाँगुनारायण र भक्तपुरका १९ वडा भए पनि बजेट सीमित वडामा मात्र केन्द्रित गरिएकाले सबैतिर समानुपातिक र न्यायोचित वितरण प्रमुख एजेन्डा छ।

रास्वपाको लहरले भक्तपुरलाई छोएको छ

● **रुकेश रञ्जित**, रास्वपा



भ्रष्टाचार न्यूनीकरण र सुशासनको मूल मुद्दासँगै स्थानीय विकास निर्माणको मुद्दालाई पनि प्राथमिकताका साथ उठाएर जनताको घरदैलोमा गइरहेको छु। भक्तपुर बत्तीमुनिको अँध्यारोजस्तो बन्यो। एकसिटे पार्टीको ग्यापलाई हटाएर समानन्तर बजेट वितरणमार्फत पूरा गर्न प्रयास गर्नेछु। रास्वपाको पक्षमा देशभर देखिएको लहरले भक्तपुरलाई पनि छोएको छ।

मतदाता मत परिवर्तन गर्न तयार छन्

● **हरिराम लवजु**, नेकपा



कानुन बनाउन र विकास निर्माणमा पहुँच पुगेन। हामी पहुँच पुऱ्याउँछौं। समान विकास, चाँगुनारायणको विकास गरेर मूल धारामा ल्याउने, सांस्कृति सम्पदाको संरक्षण गर्ने एजेन्डा छन्। हनुमन्ते सभ्यता र वैभवता विकास, रात्रिकालीन पर्यटनको विकास र पर्यटकको बसाइ लम्ब्याउने योजना ल्याएका छौं। परिवर्तनको अपनत्व लिन अघि सरेका छौं।

कांग्रेस र नेकपाले कसैसँग गठबन्धन नगर्ने

काठमाडौं/ कांग्रेसले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग चुनावी गठबन्धन नगर्ने बताएको छ। पार्टी केन्द्रीय कार्यालय, सानेपामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता देवराज चालिसेले १६५ वटै क्षेत्रमा पार्टीका उम्मेदवार रहेका र कसैसँग चुनावअघि गठबन्धन नगर्ने नीति रहेको प्रस्ट पारे। 'चुनावपूर्व कांग्रेसले कुनै पनि दलसँगै कुनै पनि प्रकारको गठबन्धन गर्दैन, १६५ निर्वाचन क्षेत्रमा उम्मेदवार कायम छ र दृढतापूर्वक प्रचारमा लागेका छौं,' चालिसेले भने। उनले चुनावी गठबन्धनका सन्दर्भमा छलफलका लागि अन्य कुनै पनि दलसँग पार्टीका तर्फबाट भेटघाट र संवाद नभएको बताए।

चालिसेले चुनावी सरकारका मन्त्रीहरूले राजीनामा दिएर चुनाव लड्न जानु मानव अधिकार भए पनि नैतिक प्रश्नसँग जोडिएको गम्भीर विषय भएको र त्यसले स्वतन्त्र र धाँधलीरहित निर्वाचनमाथिसमेत प्रश्न उठाउन सक्ने बताए। 'चुनावी सरकारका मन्त्रीहरूले राजीनामा दिएर जानु मानव अधिकारको विषय त बन्ला, तर नैतिकताको विषयचाँहि होइन,' चालिसेले भने, 'त्यो नहुनुपर्ने थियो, भयो। तर, स्वतन्त्र, निर्भय र सुरक्षित वातावरणमा मतदान गर्न पाउने नागरिक र पार्टीको हक छ, त्यो सुनिश्चित गराउने काम, कर्तव्य सरकारको हो। सरकार त्यसमा लाग्नुपर्छ।'

त्यस्तै, कांग्रेसले मधेश प्रदेशको जनकपुरबाट चुनावी सभा आयोजना गर्ने भएको छ। ७ फागुनमा जकपुरबाट चुनावी सभा गरी प्रचार अभियान अगाडि बढाउने कांग्रेसको तयारी छ। सभालाई सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्मालगायत नेताहरूले सम्बोधन गर्नेछन्। सभापति थापा यसपटक काठमाडौं ४ छोडेर सर्लाही ४ बाट चुनाव लड्दै छन्। उनलाई यसअघि विजयी स्वतन्त्र सांसद अमरेशकुमार सिंहले चुनौती दिँदै छन्। सिंह कांग्रेसकै पूर्व नेतासमेत हुन्।

कोहीसँग पनि गठबन्धन हुँदैन : प्रचण्ड

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले २१ फागुनको निर्वाचनमा कोहीकसैसँग गठबन्धन नहुने र पहिलो पार्टी बन्ने दाबी गरेका छन्। बिहीबार केन्द्रीय निर्वाचन परिचालन समितिको भर्चुअल बैठकमा प्रचण्डले भने, 'प्रस्ट शब्दमा भन्न चाहन्छु- कसैसँग पनि चुनावी गठबन्धन हुँदैन। हाम्रो पार्टीको पक्षमा देशव्यापी लहर आएको छ, हामी पहिलो बन्दै छौं।'

राष्ट्रियताको रक्षा, आत्मनिर्णयको अधिकारको रक्षा, हालसम्म प्राप्त उपलब्धिको रक्षा र थप अधिकारका निम्ति संघर्ष गर्ने पार्टी नेकपा रहेको भनेर जनताले बुझेको उनको भनाइ छ। 'नयाँ भनिएका दलहरूसँग न विचार छ, न दृष्टिकोण र दर्शन छ। यो कुरा जनताले बिस्तारै बुझ्दै गएका छन्,' प्रचण्डको भनाइ उद्धृत गर्दै प्रचार संयोजक अग्नि सापकोटाले बताए। देशमा दुईथरी अतिवाद रहेको भन्दै प्रचण्डले त्यस्तासँग गठबन्धन गर्न नसकिने बताए। 'जनताबाट अस्वीकृत र तिरस्कृतहरूसँग गठबन्धन हुँदैन। हाम्रो पार्टीको पक्षमा देशव्यापी माहोल बनेको छ। हामी एक्लै निर्वाचन लड्छौं। पहिलो पार्टी बन्छौं। तपाईंहरू सबै सम्पूर्ण शक्ति लगाएर निर्वाचनमा होमिनुस्,' प्रचण्डले भनेका छन्। उनले छिट्टै चुनावी घोषणापत्र सार्वजनिक हुने पनि बताए।

सहसंयोजक माधवकुमार नेपालले राजनीतिमा विभिन्न दलहरूसँग छलफल, संवाद हुने भए पनि नेकपा एक्लै निर्वाचन लड्ने बताए। 'हामी एक्लै उत्साहका साथ निर्वाचन लडेर जिल्नेछौं,' उनले भने।

राजमार्ग फराकिलो बनेसँगै लापरबाहीले बढ्यो दुर्घटना

नवलपरासी पूर्वमा एक महिनामै २६ दुर्घटना, आठजनाले गुमाए ज्यान

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नारायणगढ-बुटवल सडकको दाउने खण्डबाहेक अधिकांश क्षेत्रमा कालोपत्रेको काम सकिएसँगै नवलपरासीमा तीव्र गतिका कारण सवारी दुर्घटना हुने क्रम बढेको छ। नारायणगढ-बुटवल सडक कालोपत्रे भएपछि यात्रा सहज हुँदा सवारीचालकले तीव्र गतिमा सवारीसाधन हाँक्ने गर्दा दुर्घटना बढेको हो। बजार क्षेत्रमा ६ लेन र अन्य क्षेत्रमा चार लेनमा गरी ६१ किलोमिटर सडक विस्तार भइसकेको छ।

जिल्ला ट्राफिक कार्यालय नवलपरासी पूर्वका अनुसार पुसमा मात्रै २६ वटा सवारी दुर्घटना भएका छन्। आठजनाले ज्यान गुमाएका छन्। दुर्घटनामा परेका २४ सवारीसाधनमध्ये १४ मोटरसाइकल रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी पूर्वका प्रहरी निरीक्षक कुशलकुमार बर्तौलाले बताए।

बर्तौलाका अनुसार सवारी दुर्घटनाको मुख्य कारण तीव्र गतिमा सवारी हाँक्नु हो। ट्राफिक प्रहरीले तीव्र गतिका कारण हुने दुर्घटना रोक्न नियमित रूपमा ट्राफिक सचेतनाका कार्यक्रम, राडर गनमार्फत गति मापन गरेर जरिवाना गराउनेलगायत काम गरिरहेको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-नारायणगढ सडकखण्डको कालोपत्रे सकिएको ठाउँमा ल्यान्ड मार्किङ, डिभाइडर निर्माण, फुटपाथ निर्माणलगायतका काम बाँकी छ। जसले गर्दा ठुला तथा हेबी गाडी, बस, कार, जिप तथा मोटरसाइकलजस्ता साना गाडी, पैदलयात्री र साइकलयात्री हिँड्ने लेन छुट्याउने कार्य बाँकी नै भएका कारण पनि सडक दुर्घटना बढेको हो।



सडक विस्तार भएको कावासोती बजार।

प्रहरी निरीक्षक बर्तौलाले सडक कालोपत्रे सकिएको ठाउँमा पनि अन्य निर्माणाधीन कार्य बाँकी नै रहेकाले ट्राफिक संकेतका बोर्डहरू राख्न नसकिएको बताए। ट्राफिक प्रहरीले बजार क्षेत्रमा गति संकेत गर्ने बोर्डहरू भने राखेको छ। वन क्षेत्र र अन्य केही क्षेत्रमा राख्न बाँकी छ। निर्माण पूरा भएपछि संकेत राख्ने काम हुने उनले बताए।

६ महिनामा ६३ दुर्घटना, ३२ को मृत्यु

ट्राफिक प्रहरीका अनुसार गत साउनयता नारायणगढ-बुटवल सडकमा ६३ दुर्घटना हुँदा ३२ जनाले ज्यान गुमाएका छन्। ज्यान गुमाउनेमा पुरुष २६, महिला पाँच र एक बालिका छन्। दुर्घटनामा ४२ जना गम्भीर र ३५ जना सामान्य घाइते भएको तथ्यांक छ। ६३ मध्ये ४५ वटा दुर्घटना तीव्र गतिका कारण भएको जिल्ला ट्राफिक कार्यालय नवलपुरको तथ्यांक छ।

ट्राफिक प्रहरीले तीव्र गतिमा सवारी हाक्ने ११८ जनालाई कारबाही गरेको छ। यो ६ दिनको तथ्यांक हो। प्रहरी निरीक्षक बर्तौलाका अनुसार दैनिक १८ देखि २० जना तीव्र गतिमा सवारी सञ्चालन गर्ने सवारीचालक कारबाहीमा पर्ने गरेका छन् छ। उनका अनुसार जनशक्ति अभाव, भएको जनशक्ति दाउन्नेमा बाटो जाम हुनासाथ खटाउनुपर्ने बाध्यता, मेला-महोत्सवमा ट्राफिक व्यवस्थापन आदि कारणले नियमित चेकजाँच गर्न सकिएको छैन। 'सडक पूर्ण भएको छैन, स्पिड लिमिट बोर्ड छैन, लेन मार्किङ सकिएको छैन, सडकमा लाइटिङ छैन, एसियन हाइवे हो, चेक गर्न पनि समस्या भएको छ,' उनले भने। ट्राफिक प्रहरीले राडर गन प्रयोग गरेर पनि गति निगरानी गर्ने गरेको छ।

ट्राफिक प्रहरीले जंगल क्षेत्रमा प्रतिघण्टा ६० र बजार क्षेत्रमा प्रतिघण्टा ४० किलोमिटर गति मापन गरेर चेकिङ गर्ने र कारबाही गर्ने गरेको छ।

चुनावी अभियानमा फर्किए रवि

नयाँ पत्रिका



रास्वपा सभापति रवि लामिछाने बिहीबारबाट चुनावी अभियानमा फर्किएका छन्। ५ माघमा जनकपुरमा चुनावी सभालाई सम्बोधन गरेका लामिछाने ६ गते वारेसमार्फत उम्मेदवारी मनोनयनपछि खुट्टामा घाउ हुँदा आरामा थिए।

स्वकीय सचिव अविनाश आचार्यका अनुसार लामिछानेले चितवनबाट चुनावी अभियानमा फर्किएका हुन्। बिहीबार चितवन पुगेका लामिछानेलाई समर्थकले स्वागत गरेका थिए। 'सभापतिज्यू पूर्ण रूपमा निको भइसक्नुभएको छैन। तर, केही दिन चितवनमै रहनुहुन्छ। त्यसपछि देशव्यापी अभियानमा निस्कनुहुन्छ,' आचार्यले भने। रास्वपाले लामिछानेको कार्यतालिका छलफलकै क्रममा रहेको जनाएको छ। नेताहरूका अनुसार लामिछाने फागुन पहिलो सातादेखि वरिष्ठ नेता बालेन शाहसँगै देशदौडाहामा जाने तयारी छ। सातै प्रदेशमा सभा गरिनेछ।

बिहीबार चितवन पुगेका लामिछानेले गृह प्रवेश गर्दै निर्वाचनको विकल्प नभएको बताए। उनले निर्वाचन छल्ने गरी निहुँ नखोज्न सबै दललाई अपिलसमेत गरे। 'मैले केही दिनअघि भनेको थिएँ, जो-जो दल मिल्ने हो मिल्नुस्, हाम्रो शुभकामना छ, हामीलाई लोकतान्त्रिक विधिबाट हराउनुस्, लोकतन्त्रबाहिर झेली गरेर हराउन पाइँदैन। छलछाम गर्न पाइँदैन। जनताको मतबाट मात्र सम्भव छ। सबै दललाई कि निर्वाचनमा भाग लिनुस्, निर्वाचन छल्न निहुँ नखोज्नुस्। निर्वाचनको विकल्प छैन। समयमा निर्वाचन हुन्छ। नेपाली जनतालाई जे चाहेको हो त्यही गर्छन्। अहिलेदेखि नै निहुँ नखोज्नुस्। दुनियाँको सबैभन्दा ठुलो शक्ति जनता हो, उनले जे भन्छन् त्यही मानौं,' उनले भने।

लामिछानेले विगतजस्तै यसपटक पनि चितवनले परिवर्तन दिने विश्वास व्यक्त गरे। 'विगतमा चितवनले विश्वास गऱ्यो, २१ जना होनहार मानिस पठाउने बिउ चितवनले रोपेको हो। आफूले रोपेको उन्नत बिउको जर्गेना चितवनले गर्नेछ। यो फैलिएर देशभरि पुग्नेछ भन्ने विश्वास लिएको छु,' उनले भने, 'चितवनले जुन मानक स्थापना गरेको छ, नयाँ राजनीतिक शक्ति उदयको इपिसेन्टरका रूपमा स्थापना भएको छ, त्यसलाई थप जिम्मेवारी आएको छ। अब सिंगो जिल्ला रास्वपा होइन सिंगो देश रास्वपा हो। परिवर्तनको सुरुवात चितवनले गरेको यसलाई टुंगोमा पनि चितवनले पुऱ्याउनेछ।'

प्यारोलमा छुटेका कैदी फेरि चोरीमा संलग्न, प्रहरीले गोली हानेर गऱ्यो पक्राउ



काठमाडौं/ कारागारबाट प्यारोलमा छुटेका कैदी फेरि चोरीमा संलग्न रहेको पाइएपछि काठमाडौं प्रहरीले गोली प्रहार पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले बाँके नेपालगन्ज उपमहानगर- ३ का ४१ वर्षीय प्रेम थारूलाई नागार्जुन नगरपालिकापा- ६, पुरी गाउँबाट गोली प्रहार गरी बुधबार पक्राउ गरेको हो। उनी सुन्धारास्थित केन्द्रीय कारागारबाट ६० प्रतिशत कैद सजाय भुक्तान गरी गत भदौमा प्यारोलमा छुटेका थिए। कारागारबाट छुटेलगत्तै चोरीमा सक्रिय भएपछि प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईका अनुसार थारूमाथि जिल्ला अदालत काठमाडौंबाट तीन वर्षको कैद सजाय भएको थियो। उनी २९ मंसिर ०७९ मा छुट्टाछुट्टै दुईवटा चोरीको घटनामा संलग्न रहेको अभियोगमा पक्राउ परेका थिए। ६० प्रतिशत कैद सजाय भक्तान गरेपछि उनी गत २५ जेठबाट प्यारोलमा बसेका थिए।

गत ३ मंसिरदेखि २० माघसम्म उनले काठमाडौं उपत्यकाभित्रका नौ ठाउँ चोरी गरेका थिए। उपत्यकाभित्र चोरीका घटना अप्रत्याशित ढंगले बढेपछि प्रहरीले उनमाथि निगरानी बढाएको थियो। यही क्रममा उनी नागार्जुन नगरपालिका- ६ पुरी गाउँस्थित सडकमा फेला परेपछि प्रहरीले पक्राउ गर्न खोजेको थियो। तर, उनले प्रहरीलाई नै आक्रमण गर्न खोजेपछि जवाफमा प्रहरीले गोली प्रहार गरेको थियो। खुट्टामा गोली लागेका उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। प्रहरीका अनुसार उनीसँग ८८ तोला सुन, ९९ तोला चाँदी, दुई तोला डायमन्ड, विभिन्न देशका मुद्रालगायतसहित तीन करोड ६ लाख १४ हजार २०० रुपैयाँको धनमाल बरामद भएको छ।

मकवानपुरमा बढ्यो चुनावी रापताप

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा ४४ उम्मेदवार र तीन लाख १५ हजार ३३१ मतदाता

हेटौंडामा **पोष्टराज अधिकारी**

मकवानपुरका दुईवटै निर्वाचन क्षेत्रमा चुनावी रापताप बढ्न थालेको छ। उम्मेदवारहरू कार्यकर्तासँग छलफल र मतदातासँग भेटघाटमा निस्केका छन्। बागमती प्रदेशको राजधानी हेटौंडासमेत पर्ने मकवानपुरमा कांग्रेस, एमाले, नेकपा, रास्वपा र राप्रपा मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन्। त्यस्तै, युवा उम्मेदवार लिएर चुनावी मैदानमा आएका उज्यालो नेपाल, श्रम संस्कृति, जसपा नेपाल, नेमकिपालगायत दल पनि चुनावी प्रचारप्रसारमा छन्।

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा ४४ उम्मेदवार छन् भने तीन लाख १५ हजार ३३१ मतदाता छन्। जसमा महिला एक लाख ५३ हजार ३७६, पुरुष एक लाख ६१ हजार ९५३ र अन्य पाँचजना छन्। निर्वाचन कार्यालयका सूचना अधिकारी ताराप्रसाद आचार्यका अनुसार ०७९ पछि १४ हजार ६०१ मतदाता थपिएका हुन्। १६७ मतदानस्थल छन् भने ३७४ मतदान केन्द्र कायम छन्। १९ मतदानस्थललाई अति संवेदनशील सूचीमा राखिएको मकवानपुर प्रहरीले जनाएको छ।

मकवानपुर १ मा सिंह दोहोरिने दाउमा, जित्ने रणनीतिमा अरू दल

हेटौंडा उपमहानगरपालिकाका दुईवटाबाहेक १७ वटा वडा रहेको मकवानपुर १ मा राप्रपाका दीपकबहादुर सिंह जित दोहोऱ्याउने दाउमा छन्। ०७९ को चुनावमा निकटतम प्रतिस्पर्धी रहेकी कांग्रेसकी महालक्ष्मी उपाध्या (डिना) भने यसपटक नतिजा उल्ट्याउने रणनीतिमा छिन्। उनी यसअघि तीनपटक पराजित भइसकेकी छिन्। मकवानपुरलाई कुनै समय लालकिल्ला भनेर चिनाएको एमालेले यसपटक अनुभवी रामेश्वर रानालाई उम्मेदवार बनाएको छ। ०७९ को निर्वाचनमा तत्कालीन राप्रपा नेपालका कमल थापालाई सूर्य चिह्नमा उम्मेदवार बनाएपछि टिकटबाट वञ्चित भएका राना यसपटक चुनावी मैदानमा छन्। यहाँ नेकपाले विजय गौतम, रास्वपाले प्रकाश गौतम, प्रलोपाले तेजप्रसाद उप्रेती, जसपाले दीपक सिन्तान, श्रम संस्कृतिले विद्या श्रेष्ठ महर्जन र उज्यालो नेपालले सुरेन्द्र लामालाई अघि सारेका छन्। दल र स्वतन्त्र गरी २३ जना उम्मेदवार छन्। यस क्षेत्रमा एक लाख ५८ हजार ४३५ मतदाता छन्।

मकवानपुर १

मतदाता : १,५८,४३५
महिला : ७८ हजार ८१०
पुरुष : ७९ हजार ६२१
अन्य : ४
मतदानस्थल : ६२
मतदान केन्द्र : १७८
उम्मेदवार : २३



मकवानपुर २

मतदाता : १,५६, ८९९
महिला : ७४ हजार ५६६
पुरुष : ८२ हजार ३३२
अन्य : १
मतदानस्थल : १०५
मतदान केन्द्र : १९६
उम्मेदवार : २१

एमालेले बर्तौलालाई दोहोऱ्यायो, कांग्रेस, नेकपा, रास्वपा र राप्रपाबाट नयाँले पाए अवसर

मकवानपुर २ मा पनि चुनावी सरगर्मी छ। यस क्षेत्रमा एमालेले पुरानै उम्मेदवार दोहोऱ्याउँदा कांग्रेस, नेकपा, रास्वपा र राप्रपाले नयाँलाई अवसर दिएका छन्। चुनावी मैदानमा रहेका दलका १६ र स्वतन्त्र पाँच गरी २१ उम्मेदवार मतदाताको घरदैलोमा पुग्ने तयारीमा छन्। ०७९ को चुनावमा यहाँबाट एमालेका महेश बर्तौला निर्वाचित भएका थिए। आफ्नै राजनीतिक गुरु र चारपटकका विजेता विरोध खतिवडालाई पराजित गरेका बर्तौला यसपटक पनि चुनावी प्रतिस्पर्धामा छन्। खतिवडाले भने यसपटक उम्मेदवार नबन्ने घोषणा गरेका थिए। बरु थाहा नगरपालिकाका पूर्वमेयर लवशेर विष्टलाई नेकपाले बर्तौलासँगको चुनावी प्रतिस्पर्धामा अघि सारेको छ।

त्यस्तै, अघिल्लो निर्वाचनमा खतिवडालाई सघाएको कांग्रेसले यसपटक भने जिल्ला सभापति बुद्ध लामालाई चुनावी मैदानमा उतारेको छ। रास्वपाका प्रशान्त उप्रेती, राप्रपाका रामबहादुर थोकर, प्रलोपाका सन्तोष विष्ट, श्रम संस्कृतिका युनिश लामा, उज्यालो नेपाल पार्टीका प्रवीणकुमार स्याङ्तान, नेमकिपाका सरोज तामाङ, राप्रपाका रामबहादुर थोकरसहित उम्मेदवार छन्। यस क्षेत्रमा एक लाख ५६ हजार ८९९ मतदाता छन्।

■ जेन-जीको भावनाअनुसार पार्टीमा रूपान्तरण



● **रामचन्द्र अर्याल**, संयोजक, मकवानपुर कांग्रेस जिल्ला निर्वाचन परिचालन समिति

जेन-जी आन्दोलनको भावनाअनुसार पार्टीमा रूपान्तरण भएको छ, यही नै हाम्रो जितको आधार हो। जेन-जी विद्रोहको भावनालाई प्रतिधित्व गर्ने गरी कांग्रेसले नीति, कार्यक्रम, विचार र नेतृत्वमा पनि रूपान्तरण गरेको छ।

■ राष्ट्रियताप्रतिको अडानले हामीलाई जिताउँछ



● **हिदम लामा**, एमाले मकवानपुर उपाध्यक्ष

निर्वाचन परिचालन कमिटी निर्माण गरेर वडा तहसम्म अभियान सञ्चालन भइरहेको छ। उम्मेदवारले मतदाता र अगुवा कार्यकर्तालाई भेट्ने क्रम चलिरहेको छ। हामीले बोकेको राष्ट्रियताप्रतिको अडान, संविधान र लोकतन्त्रको रक्षाको एजेन्डा पनि जितको आधार हो।

■ परिवर्तनको हुटहुटी हाम्रो जितको आधार



● **भरत पराजुली**, रास्वपा मकवानपुर सभापति

जनताको राम्रो समर्थन प्राप्त भइरहेको छ। पुराना दलप्रतिको वितृष्णा र मत परिवर्तनको हुटहुटी नै हाम्रो जितको आधार हो। त्यसमा पनि काठमाडौंका पूर्वमेयर बालेन रास्वपामा आइसकेपछि र उहाँलाई पार्टीले प्रधानमन्त्रीको उम्मेदवार बनाएपछि गाउँगाउँमा रास्वपाप्रति जनलहर छ।


■ युवा उम्मेदवारका कारण हामी जित्छौं



● **प्रह्लाद लामिछाने**, नेकपा घोषणापत्र लेखन समिति संयोजक

४ फागुनपछि चुनावी कार्यक्रम लिएर गाउँगाउँ पुग्नेछौं। हाल आन्तरिक तयारी छ। मकवानपुरमा नेकपाअघि माओवादी हुँदा नै ०६४ मा जितेका हौं। हामीसँग युवा उम्मेदवार हुनुहुन्छ।

■ देश बनाउन राप्रपालाई भोट



● **सागर थापा**, राप्रपा मकवानपुर कावा अध्यक्ष

जनतामाझ गएर देश बचाउन र बनाउन राप्रपालाई मत दिनुहोस् भनिरहेका छौं। यसअघि पनि मकवानपुर १ का जनताले हामीलाई जिताएका थिए। यसपटक दुवै क्षेत्रमा जिताउनुहुन्छ भन्ने आशा छ।

जनरञ्जकवाद, निर्वाचन र राजनीति

विगतमा दल र तिनका नेता चुकेभैँ आज जनता आफ्ना प्रतिनिधि छनोटमा चुके भने निर्वाचनपछिको अवस्था कहालीलाग्दो हुन पनि सक्छ



● अविन ओझा

अग्रलेख


प्रसंग : नेपालको उत्तरआधुनिक राजनीतिको विश्लेषण हेर्ने हो भने यो प्रायः शब्दमा रुमल्लिँदै आएको देखिन्छ। यस क्रममा निरंकुश राजतन्त्र, संवैधानिक राजतन्त्र, प्रजातन्त्र, बहुदल, लोकतन्त्रजस्ता शब्द या शब्दावली नेपाली राजनीतिक वृत्तमा एकपछि अर्को गर्दै प्रयोगमा आए। हरेक आन्दोलन र परिवर्तनपश्चात् लोकप्रियतामा आएका यी शब्दले जनतामा आशा त जगाए, तर जनताको जीवनस्तरमा उल्लेख्य परिवर्तन ल्याएनन्। राजनीतिक परिवर्तनका यी विभिन्न चरणमा राजनीतिक खेलाडीहरू पनि खासै परिवर्तन भएनन्। उनै मुठीभर पात्र नै लामो समयसम्म राजनीतिको केन्द्रमा रहँदै आए। सदनले जनअपेक्षाकृत नीतिगत प्रवर्तनको मार्ग पनि कोर्न सकेन। कार्यपालिकाले समयानुकूल विकासको गति अघि बढाउन पनि सकेन। परिणामतः देशले अपेक्षित समृद्धि हासिल गर्न सकेन। फलतः जनअपेक्षाअनुसारको आम जीवनस्तरमा कत्ति पनि सुधार आएन। अर्थतन्त्रका सीमित अवसरमा नातावाद र कृपावाद हाबी रह्यो। जसका कारण हरेक दशकमा जनआक्रोश सडकमार्फत पोखिँदै आयो। यसै शृंखलाको निरन्तरता २०८२ को २३ र २४ भदौको जनेरेसन-जेड (जुमर्स) को आन्दोलनलाई मान्न सकिन्छ। जसले नेपाली राजनीतिको नयाँ मार्ग फेरि प्रशस्त गरेको छ। आसन्न २१ फागुनको संघीय निर्वाचनले नेपालको नयाँ भविष्य कोर्ने अपेक्षा फेरि एकपटक जनतामा जागेको छ। यस आलेखमा यसै सेरोफेरोमा रहेर केही परिस्थितिको सैद्धान्तिक र विषयगत विश्लेषण गरिएको छ।

■ साइबरस्पेसले डोऱ्याएको नयाँ राजनीति

एक-दुई दशकअघि सार्वजनिक स्थल भन्नाले केवल भौतिक स्थल, चोक-चौराहलाई बुझाउँथ्यो। राजनीतिक सहभागिता र प्रतिस्पर्धासम्बन्धी गतिविधि यही भौतिक स्थलमार्फत मात्र सम्भव थियो। जसका कारण राजनीतिक गतिविधिमा नागरिकको सीमित तर प्रत्यक्ष सहभागिता हुन्थ्यो। तर, सूचना तथा प्रविधिको विकाससँगै सामाजिक सञ्जालले पाएको सर्वव्यापकताका कारण सामाजिक अन्तर्क्रिया र सम्बद्धताको नयाँ स्थान निर्माण भएको छ। राजनीतिक गतिविधिका लागि नवीन तथा सहज पहुँचवाला स्थानको निर्माण भएको छ। भूगोलविहीन स्थान, साइबरस्पेस (आभासी स्थान) सबैका लागि उपलब्ध छ। यसको उपलब्धतासँगै राजनीतिक सहभागिता र प्रतिस्पर्धामा सबैको पहुँच पुगेको छ। आमजनताका आवाज सबैमाझ पुगेको छ। हिजो चोक चौराहामार्फत गरिने राजनीतिक गतिविधि आज एउटा यन्त्रभित्रबाटै विश्वव्यापी बनाउन सम्भव बनेको छ। जनताको राजनीतिक चेतना मात्र होइन, सहभागिता पनि बढेको छ। यी सबै यथार्थ र अवस्थाका कारण आसन्न निर्वाचनको नतिजा पहिलेका निर्वाचनभन्दा फरक हुने देखिन्छ। यसैबिच वर्षौंदेखि नेपाली राजनीतिमा देखिँदै आएको प्रवृत्ति र पात्रमा क्रमभंग हुने सम्भावनासमेत देखिन्छ। परम्परागत सोच र राजनीतिमा यो निर्वाचनले विराम लगाउने अनुमान प्रायः सबैको छ। राजनीतिक निकास र देश विकासका लागि यो पूर्वसर्त पनि हो। तर, यसका लागि भने निर्वाचन परिणामसम्म पर्खनैपर्ने हुन्छ।

■ जनरञ्जकवाद (पपुलिज्म) को राजनीति

राजनीतिमा साइबरस्पेसले निम्त्याएका विभिन्न चुनौतीमध्ये एक हो, जनरञ्जकवाद (पपुलिज्म)। जनरञ्जकवाद भने के हो ? लोकतन्त्रका लागि यो सही हुन्छ कि गलत ? यसको उत्तर खोज्नुपूर्व दुई अवधारणाको विश्लेषण गर्नु जरुरी छ। पहिलो, जनरञ्जकवाद (पपुलिज्म) विचारधारा (आइडियोलजी) हो कि राजनीतिक रणनीति (पलिटिकल स्ट्राटिजी) ? विचारधाराका हिसाबले जनरञ्जकवाद उदारवादी, साम्यवादी या फासिस्ट, जे पनि हुन सक्छ। राजनीतिक रणनीतिका दृष्टिले यो निर्वाचनमा भोट तान्ने औजार हो। जनरञ्जकवाद स्थापित राजनीति र सत्ताविरुद्धको अभियान हो। जुन जनताको मनोभाव र उत्तेजना तथा देशको असामान्य राजनीतिक अवस्थालाई केन्द्रमा राखी भोट जित्ने रणनीतिमा केन्द्रित रहन्छ। साइबरस्पेसले जनरञ्जकवादलाई निकै प्रोत्साहन गरेको छ। के यसले लोकतन्त्रको रक्षा र जनताको समृद्धिको ग्यारेन्टी गर्छ ? पक्कै पनि यसको उत्तर विषयगत र परिस्थितिजन्य हुन्छ।



सामाजिक सञ्जालमय राजनीतिक संस्कृतिले भित्र्याएको जनरञ्जकवादबाट समुन्नत नेपालको सपना साकार होला त ? हरेक मतदाताले आफ्नो प्रतिनिधि चुन्दै गर्दा यस्ता प्रश्नको उत्तर खोज्नु आवश्यक छ।

वर्तमान नेपाली राजनीतिमा जनरञ्जकवादको प्रयोग व्यापक भएको प्रस्ट देखिन्छ। कतिपय पार्टीका हकमा त निर्वाचनका लागि उम्मेदवार छनोटको प्रमुख आधार नै सामाजिक सञ्जालमा उसको लोकप्रियता बनेको छ। उम्मेदवारको अर्थराजनीतिक चेतना, उसको पेसागत विज्ञता र सामाजिकीकरणजस्ता योग्यता गौण भएका छन्। निर्वाचनका क्रममा मतदाता भेटघाटमा उनीहरूले गरेको अभिनय र प्रतिबद्धताबाट यो अझ प्रस्ट बनेको छ। पुराना भनिएका दल र तिनका नेतृत्वले अवसरमाथि अवसर पाउँदा पनि जनचाहनाअनुसारको डेलिभरी दिन अक्षम भएकैले आजको यो अवस्था सिर्जना भएको हो। तथापि, यहाँ आममतदाताले के बुझ्नु जरुरी छ भने सामाजिक सञ्जालको भ्युज र लाइक सम्हालेजस्तो, सदन र मन्त्रालय समाल्नु सहज हुँदैन। यसर्थ, मतदाताले आफ्नो प्रतिनिधि छान्दै गर्दा विवेक प्रयोग गर्नु जरुरी छ। हिजो पुराना दल र तिनका नेता चुकेझैँ आज जनता पनि आफ्नो प्रतिनिधि छनोटमा चुके भने निर्वाचनपछिको अवस्था कहालीलाग्दो हुन पनि सक्छ।

> राजनीतिमा युवा उमेरले भन्दा पनि विचारले मानिनुपर्छ। जसले बदलिँदो विश्व राजनीति र स्थानीय परिस्थितिअनुसार आफूलाई अद्यतन (अपडेट) गर्छ, उही युवा हो।

■ युवा राजनीति

नेपाली राजनीति अहिले युवामय भएको छ। जुन निर्वाचनमा उम्मेदवारदेखि मतदाता सबै युवामय बनेका छन्, त्यसको विशिष्ट महत्त्व रहने नै भयो। यसर्थ, अर्को बहसको विषय हो, युवा। युवा, उम्मेदवारको उमेर कि पार्टी स्थापनाको उमेर ? यी दुवैको विश्लेषण गर्नु जरुरी छ। पहिलो, युवा हुन उम्मेदवारको विचारलाई आधार मान्ने कि उमेरलाई ? यसको पनि बहस जरुरी छ। कुन उमेरसम्मलाई युवा मान्ने यसमा सबैका आआफ्नै धारणा होलान्। युनाइटेड नेसन (युएन) को परिभाषाले युथ अर्थात् युवा भन्नाले १५ देखि २४ वर्ष उमेर समूहलाई इंगित गर्छ। समान्यतः १५ वर्षमुनिका बालक, २५-६५ वर्ष समूहका वयस्क तथा ६५ माथिलाई वृद्ध भनेर परिभाषित गरिन्छ। यसअनुसार हेर्ने हो भने युवाको ठेट परिभाषा अलिक जटिल छ। राजनीतिमा युवा उमेरले भन्दा पनि विचारले मानिनुपर्छ। जसले बदलिँदो विश्व राजनीति र स्थानीय परिस्थितिअनुसार आफूलाई अद्यतन (अपडेट) गर्छ, उही युवा हो। यसो त उमेर समूहका आधारमा पनि नयाँ भनिएका र पुराना मानिएका सबै दलले यसपटक नयाँ अनुहार र नयाँ सोच भएका नेतालाई आफ्नो उम्मेदवार बनाएका छन्। जुन निकै सकारात्मक परिवर्तन हो। यसले के कुरा निर्देशित गर्छ भने अगामी सदनमा युवा उमेर र विचार दुवैको उपस्थिति बहुमत हुने प्रायः निश्चित छ। स्मरण रहोस्, युवा भर्चुअल लोकप्रियतामा होइन, अनुभव, योग्यता र जवाफदेहितामा पनि हुन्छ।

दोस्रो, युवा पार्टीको उमेर कि राजनीतिक दर्शन ? पक्कै पनि पार्टी स्थापना मितिको अंकगणितले युवा हुँदैन। दर्शन, पद्धति र घोषणापत्रका आधारमा हुन्छ। राजनीतिक पार्टी सधैँ युवा अवस्थाको हुनुपर्छ। यसका लागि पार्टीको अद्यावधिक अधिवेशन, समयानुकूल नेतृत्व परिवर्तन, बदलिँदो विश्व र जनचाहनाअनुसारको नीति र विचारधारा जरुरी छ। जसको एउटै लक्ष्य देशको आर्थिक समृद्धि, सुसाशन, जनताको गुणस्तरीय जीवनको सुनिश्चितता र सार्वजनिक जवाफदेहिता हुनुपर्छ। यसर्थ, पार्टी नाम र स्थापनाले होइन, दर्शन र दिशाले नयाँ बन्नुपर्छ। नयाँ या पुराना भनिएका राजनीतिक पार्टी यी कुरामा कति संवेदनशील छन्, हरेक मतदाताले मतदान गर्नुअघि यसतर्फ पनि सोच पुऱ्याउनु जरुरी छ।

■ अन्त्यमा

आसन्न निर्वाचन नेपालको राजनीतिक भविष्य तथा आर्थिक समृद्धिका दृष्टिले निकै महत्त्वपूर्ण छ। समृद्ध नेपाल र सार्वभौम नेपालीका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त सहिदको सपनालाई वास्तविकतामा बदल्न पनि आसन्न निर्वाचन निकै अर्थपूर्ण छ। यस्तोमा अहिले देखिएको जनरञ्जकवाद कति प्रतिफलमुखी हुन्छ ? यसलाई कुन हदसम्म स्विकार्ने ? सामाजिक सञ्जालमय राजनीतिक संस्कृतिले भित्र्याएको जनरञ्जकवादबाट समुन्नत नेपालको सपना साकार होला त ? हरेक मतदाताले आफ्नो प्रतिनिधि चुन्दै गर्दा यस्ता प्रश्नको उत्तर खोज्नु आजको राजनीतिको आवश्यक सर्त हो।

(ओझा मेनेसोटा नर्थ कलेज, मेनेसोटाका समाजशास्त्रका प्राध्यापक हुन्)
abinojha@gmail.com

---

३ प्रश्न

जनस्वास्थ्यविद्
डा. अरुणा उप्रेतीलाई



स्वास्थ्य बिमामा हाल देखिएको समस्यालाई कसरी हेर्नुभएको छ ?

बिमा ल्याउँदाखेरि नै फेल हुन्छ भन्ने थाहा थियो। त्यतिवेला गृहकार्य नगरी बिमा कार्यक्रम ल्याइयो। अहिले सरकारी कर्मचारीले नै स्वास्थ्य बिमा गरेका छैनन्। म आफैँले पनि गरेकी छैनँ। बिमा गर्नुपर्छ भनेर बुझाउने गरी बिमा कार्यक्रम ल्याइएन। खालि हचुवाका भरमा यो कार्यक्रम ल्याइयो। हाल बिमा गरेकाहरू पनि सेवाप्रति असन्तुष्ट छन्। आमनागरिकको स्वास्थ्यसँग जोडिएको बिमाबारे राजनीतिक तहमा बहस नै भएन। सदनमा यो विषय कहिल्यै उठेन। राजनीतिक तप्काले बिमा कस्तो कार्यक्रम हो भनेर गम्भीर रूपमा बुझ्नेनन्। दलका घोषणापत्रमा पनि बिमा परेन। त्यसैले, सुरुवाती त्रुटिका कारणले नै अहिले समस्या देखिएको हो।

बिमा कार्यक्रममा कमजोरी कहाँनेर भयो त ?

बिमा कार्यक्रम नागरिकका लागि अपरिहार्य हो। डाक्टरसँग मात्रै सल्लाह लिएर होइन, अन्य क्षेत्रका विज्ञलाई राखेर योजनाबद्ध रूपमा यो आउनुपर्थ्यो। सुरुमा स्वास्थ्य मन्त्रालयले एउटा सानो कार्यक्रमजसरी लागू गऱ्यो। तर, यसका स्टेक होल्टर र दायित्व निर्वाह गर्ने निकायबिच समन्वय र छलफल नै भएन।

तत्काल बिमाको संकट टार्न र व्यवस्थित पार्न के गर्न सकिएला ?

बिमाको समस्या धेरै समयदेखि बल्झिरहेकाले अध्ययन गरेर नबल्झने गरी समाधान खोज्नुपर्छ। बिमा गर्दा हुनेखानेलाई पनि ३५ सय र नहुनेलाई पनि ३५ सय लिनु उचित होइन। छरिएका र संगठित क्षेत्रलाई बिमाको दायरामा ल्याउने हो भने बिमा बलियो हुन सक्छ। आधुनिक उपचार र औषधीका लागि मात्रै बिमा गरिएको छ। रोग लाग्ने नदिने उपचार सेवामा पनि बिमा लागू गर्नुपर्छ। अहिले जब बिमामा समस्या आयो, तब मात्रै धैँटोमा घाम लागेको छ। बिमा गरेकाहरूले समस्या नै नपरे पनि परीक्षण गराउने क्रम बढेको छ। यसलाई पनि रोक्नुपर्छ।

प्रेरक प्रसंग

गुरुको सम्मान

एकपटक भारतको गुजरात सहरको राजकोट जिल्लाको काठियाबाडा राज्यमा प्रजा परिषद्को अधिवेशन चलिरहेको थियो। मञ्चमा महात्मा गान्धी र अन्य ठुला नेता बसिरहेका थिए। कोही भाषण गर्दै थिए। मञ्चमा बसिरहेका गान्धी दर्शकका रूपमा उपस्थित जनसमुदायलाई ध्यानपूर्वक हेर्दै थिए। अचानक उनको दृष्टि केही पर दर्शकदीर्घामा बसेका एक वृद्धमाथि पऱ्यो। उनले तुरुन्तै ती वृद्धलाई चिने। उनी अरू कोही नभई गान्धीका प्राथमिक तहका शिक्षक थिए।



गुरुलाई दर्शकदीर्घामा बसिरहेको देखेपछि गान्धी तुरुन्तै मञ्चबाट तल ओर्लिए र गुरु भएको स्थानमा पुगे। गान्धीले गुरुलाई प्रणाम गर्दै उनको पाउ स्पर्श गरे। आराम, कुशलको सोधपुछपछि गान्धी गुरुसँगै भुइँमा बसे। गान्धीको सरलता देखेर गुरु भावविभोर भए। उनले गान्धीलाई भने- अब तपाईं एक ठुला नेता भइसक्नुभयो। त्यसैले, तपाईं यहाँ बस्नु ठिक हुँदैन। माथि मञ्चमै जानुहोस्।

गुरुको भनाइ सुनेपछि गान्धीले भने- म जे-जे भए पनि आखिर तपाईंको शिष्य हुँ र जहिल्यै शिष्य नै रहनेछु। त्यसैले, म तपाईंसँगै बस्छु। गान्धी पूरै कार्यक्रमभर गुरुसँगै दर्शकदीर्घामा बसे। जब कार्यक्रम समाप्त भयो, तब गान्धीका वृद्ध गुरुले उनलाई आशीर्वाद दिँदै भने- तपाईंजस्तो विनम्र र अहंकाररहित व्यक्ति सायद यस संसारमा कोही छैन होला। सायद यही गुणले गर्दा नै तपाईं आज यति ठुलो नेता बन्नुभएको छ। तपाईंको जहिल्यै मंगल होस्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिमालाई प्रभावकारी बनाऊ

यतिखेर सरकारसित स्रोतअभाव भएको भन्दै स्वास्थ्य बिमालाई थला पार्ने काम भइरहेको छ। जनताले स्वास्थ्योपचारमा केही सुविधा पाइएला कि भनेर बिमा गरे पनि अहिले आएर सरकारले रकम अभाव देखाई हात उठाएपछि विभिन्न अस्पतालले समेत स्वास्थ्य बिमा कार्यक्रम रोकिसकेका छन्। त्यसैले, सरकारले यो वा त्यो बहाना झिकेर स्वास्थ्य बिमा कार्यक्रम रोक्न मिल्दैन। बिमा गरिसकेपछि समयमै स्वास्थ्य परीक्षण गराउनु र आफूले तिरेको बिमा रकमबापतको सुविधा लिनु बिमित नागरिकको अधिकारको विषय हो। त्यसैले, सरकारले स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाएर बिमित सर्वसाधारणलाई थप सेवा दिन सक्नुपर्छ। यसलाई निष्क्रिय बनाउन पाइँदैन।

■ **वन्दना मगर**, कुमारीपाटी, ललितपुर

बेरोजगारीको वास्तविक चित्र

राष्ट्रिय तथ्यांक कार्यालयले साढे दुई महिनाका लागि चार हजार चार सय कर्मचारी माग गर्दा एक लाख १३ हजारको दरखास्त परेको समाचार पढियो। यो समाचार देशमा मौलाइरहेको बेरोजगारीको वास्तविक तस्बिर हो। देशमा जोसुकै सरकारमा गए पनि, शासन सत्ता जोसुकैले चलाए पनि देशभित्रै रोजगारी सिर्जना गर्नुभन्दा पनि सकभर युवालाई विदेश पठाउनुमै उनीहरूले आफ्नो सफलता देख्ने गरेका छन्। उनीहरूले बेरोजगारीको कहालीलाग्दो यो समाचार पढे कि पढेनन् कुन्नि ?

■ **कुन्ती बजिमय**, शंखमूल, काठमाडौं

साइकल लेन स्वागतयोग्य

काठमाडौं महानगरपालिकाले माइतीघर-तीनकुने सडकखण्डमा साइकल लेनसहितको फुटपाथ बनाउन लागेको तस्बिरसहितको क्याप्सन समाचार पढ्दा खुसी लाग्यो। वास्तवमा संघीय राजधानी काठमाडौंसहितका ठुला सहरमा यस्ता साइकल लेन निर्माण गरियो भने त्यसले साइकलको प्रयोग बढ्ने निश्चित छ। ललितपुर महानगरका केही सडकमा यसअघि नै साइकल लेन सुरु भइसकेको पनि छ। त्यसैले, संघीय राजधानी काठमाडौंको सकडमा यसरी साइकल लेन निर्माण गरिनु स्वागतयोग्य छ।

■ **सन्तोषी सिवाकोटी**, थापागाउँ, काठमाडौं

लेखकका विचारमा विमति

१८ माघको नयाँ पत्रिकामा प्रकाशित आफ्नो लेखमा लेखक विदुरचन्द्र लामिछानेले निजी क्षेत्रका लागि सिफारिस गरेका छन्। ती सिफारिसलाई ध्यानमा राखेर निजी क्षेत्रमा बढी ध्यान दिइयो भने धनी झनै धनी र गरिब झनै गरिब हुने पक्का छ। जुन आजको संसारमा केही देशलाई छाडेर सर्वत्र देखिएको छ। यसैको विरोधमा जेन-जी आन्दोलन भएको होइन र ? यही असमानताले गर्दा गरिबको जिन्दगी बडो नाजुक अवस्थामा छ। यदि जेन-जी सरकारले पूर्ववर्ती सरकारले गरेजस्तै काम गर्ने हो भने त त्यो आन्दोलनको के मतलब रहन्छ र ? मेरो विचारमा व्यापारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ, तर शिक्षा र स्वास्थ्यलाई व्यापारको विषय बनाउनु अपराध हो। शिक्षामा यसले दुई प्रकारको नागरिक पैदा गरेर समतामूलक होइन, विषम समाज निर्माण गर्छ।

उता मनोज जोशीले ट्रम्पको स्वभावलाई मनमोहक भनेका छन्। सोही मनमोहक स्वभावले भेनेजुएलाका राष्ट्रपतिलाई कैद गरेको छ। ट्रम्पले इरानलाई घेरा हालेका छन् र ग्रिनल्यान्ड र युरोप त्राहिमाम छन्। त्यसो भए हिटलर, मुसोलिनी र नेपोलियन झनै प्रशंसाका पात्र हुन्, किनभने उनीहरू ट्रम्पभन्दा एक कदम अगाडि नै थिए। त्यसो भए चीनले भोलि चिकेन नेकलाई र भारतले नेपाललाई सुरक्षाका कारण देखाई कब्जा गरे भने के ती सबै मनमोहक नै हुनेछन् त ? एउटा व्यक्तित्व विकृतिलाई मनमोहक भन्नु बडो खतरनाक हुन्छ है लेखक महोदय !

■ **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy@ gn ail.com

सुन र चाँदीको मूल्यमा आएको उछालको अर्थ

हरेक वित्तीय गतिविधिमा राज्य, केन्द्रीय बैंक, मध्यस्थकर्ता जोखिममा रहँदा सुन निर्विकल्प सम्पत्ति बनेकाले यसको मूल्य बढिरहेको हो



देश/विदेश

● जोन पावर

विगत केही दिनदेखि सुन र चाँदीको मूल्यमा उछाल आएको छ। विगत एक वर्षमा ठूलो वृद्धि भई कीर्तिमानी उचाइमा पुगेपछि शुक्रबार, सोमबार र बिहीबार बहुमूल्य धातुहरूको मूल्यमा तीव्र गिरावट आएको छ।

मंगलवार मूल्यमा केही हदसम्म सुधार भए पनि यसअघि चढेको शिखरभन्दा धेरै तल रह्यो। हालैको मूल्य परिवर्तनबारे तपाईंले जान्नुपर्ने केही पक्ष यहाँ प्रस्तुत गरिएको छ।

एक वर्षमा सुन र चाँदीको मूल्य किन यति बढ्यो ?

बहुमूल्य धातुलाई लगानीकर्ताले आफ्नो मूल्य कायम राख्ने प्रवृत्तिका लागि मूल्यवान् ठान्छन्। ऐतिहासिक रूपमा आर्थिक अनिश्चितता र भूराजनीतिक उथलपुथलको समयमा यी धातुले खरिदकर्तालाई आकर्षित गरेका छन्।

आफ्नो अप्रत्याशित कार्यका लागि प्रख्याति कमाएका नेता डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फिर्ता हुनु गत वर्ष सुनमा अस्थिरता बढाउने एउटा कारक बनेको छ। शुल्क वृद्धिदेखि देशको केन्द्रीय बैंक फेडरल रिजर्भको स्वतन्त्रतामा समेत उनको दबाब र ग्रिनल्यान्डजस्तो स्वायत्त राज्य कब्जा गर्ने धम्कीले बजारमा अशान्ति फैलाएको छ।

ट्रम्पको परम्परागत शासन व्यवस्थाले अमेरिकी डलरलाई कमजोर बनाएको छ, जसले गर्दा लगानीकर्तालाई आफ्नो मूल्य कायम राख्ने 'सुरक्षित आश्रय' खोज्न थप प्रोत्साहित गरेको छ र सुनमा लगानी गर्न उत्प्रेरित गरेको छ।

गत वर्ष ह्वाइटहाउसमा ट्रम्पको फिर्ती र जनवरी २०२६ को अन्त्यबिच सुनको मूल्य लगभग दोब्बर भयो, जबकि चाँदीको मूल्य लगभग चार गुणा बढ्यो। बहुमूल्य धातुको बढ्दो मूल्यले वर्षौंको उच्च मुद्रास्फीति र बढ्दो राष्ट्रिय ऋणपछि विश्वव्यापी आर्थिक प्रणालीमा विश्वासको गहिरो संकटलाई प्रतिबिम्बित गरेको विश्लेषकको तर्क छ।

अमेरिकी राष्ट्रिय ऋण बढेर ३८ ट्रिलियन डलर पुगेको छ, जुन विश्वमै सबैभन्दा उच्च हो। यद्यपि, जापान र इटलीलगायत धेरै प्रमुख अर्थतन्त्रमा उनीहरूको जिडिपीको प्रतिशतका रूपमा ऋणको स्तर उच्च छ।

'यस्तो संसार, जहाँ लगभग हरेक वित्तीय गतिविधिमा राज्य, केन्द्रीय बैंक, मध्यस्थकर्ता जोखिममा छन्, त्यस्तो अवस्थामा सुन निर्विकल्प एक मात्र सम्पत्ति बनेको छ। यसले कुनै वाचा गर्दैन, ब्याज तिर्दैन र राजनीतिक निर्णयमा निर्भर गर्दैन। यो केवल अस्तित्वमा छ। र, त्यसैले यो सुरक्षित माध्यम बनेको छ,' 'प्लेनिस्फर इन्भेस्टमेन्ट'का 'पोर्टफोलियो' रणनीति प्रमुख डिएगो फ्रान्जिन भन्छन्। माग बढाउने अर्को कारक चीन र टर्कीलगायत उदीयमान अर्थतन्त्रमा केन्द्रीय बैंकले गरेको खरिद हो। ती देशले डलरमा आफ्नो निर्भरता कम गर्न खोजिरहेका छन्।

बिहीबार, सुन लगभग पाँच हजार ५९५ डलर प्रतिऔंसको कीर्तिमानी शिखरमा पुग्यो, जबकि चाँदी लगभग १२२ डलरमा पुग्यो, जुन अहिलेसम्मकै उच्च मूल्य थियो। शुक्रबार सुन र चाँदीको मूल्य क्रमशः लगभग १० प्रतिशत र २८ प्रतिशतले घटेपछि तीव्र गतिमा वृद्धि अचानक रोकियो। सोमबार पनि यो गिरावट जारी रह्यो, दिनको अन्त्यमा सुन लगभग ४.५ प्रतिशतले घट्यो र चाँदी लगभग ६.५ प्रतिशतले घट्यो। मंगलबार, यी बहुमूल्य धातुले आफ्नो केही लाभ फिर्ता लिए, किनकि सुन लगभग ३.५ प्रतिशतले र चाँदी करिब ४.५ प्रतिशतले बढ्यो।



उचाइमा पुगेर किन घट्यो सुनचाँदीको मूल्य ?

विश्लेषकहरू गिरावटका कारणमा एकमत छैनन्। कतिपयले मूल्यवृद्धिमा ट्रम्पलाई जिम्मेवार ठानेको सुझाव दिएका छन्। शुक्रबार ट्रम्पले केभिन वार्सलाई केन्द्रीय बैंक फेडरल रिजर्भको नेतृत्वका लागि मनोनयन गर्ने घोषणा गरे, जसलाई उनको सूचीमा रहेका अन्य प्रतिस्पर्धीको दाँजोमा तुलनात्मक रूपमा परम्परागत रूपमा हेरिएको थियो। फेडको सात सदस्यीय गभर्नर बोर्डका पूर्वसदस्य वार्सको छनोटलाई लगानीकर्ताले स्वागत गरेका थिए। उनीहरू ट्रम्पले मुद्रास्फीति जोखिमलाई ध्यान नदिई ब्याजदर घटाउने अन्य सहयोगीलाई छनोट पो गर्छन् कि भन्ने त्रासमा थिए। अमेरिकी राष्ट्रपतिले निवर्तमान फेड प्रमुख जेरोम पावेलले दर घटाउन दबाब दिइरहेका छन्। ट्रम्पले शुक्रबार मध्यपूर्वी देशविरुद्ध सैन्य कारबाहीको हप्तौंको धम्कीपछि इरानसँग सम्झौता हुने आशा व्यक्त गरेका थिए।

केही विश्लेषकले सुझाव दिएका छन् कि आर्थिक अवस्था स्थिर हुने सम्भावना र डलरको मूल्य बढ्दै जाँदा लगानीकर्ताले बहुमूल्य धातु बेच्न थाले। यद्यपि, धेरै विश्लेषकले त्यो व्याख्यामा शंका व्यक्त गरेका छन्। धेरै विश्लेषकले सुझाव दिएका छन् कि थप स्थिर आर्थिक अवस्था र बढ्दो डलरको सम्भावनाले लगानीकर्ताले बहुमूल्य धातु बेच्न प्रेरित गरेको छ।

अब सुन र चाँदीको मूल्यमा के हुनेछ ?

यद्यपि बजारको भविष्यवाणी गर्नु मूर्खता हो, तर केही विश्लेषकले दीर्घकालीन अवधिमा बहुमूल्य धातुको मूल्य बढ्दै गएको देख्छन्। आइतबारको एक नोटमा जेपी मोर्गन विश्लेषकले २०२६ को अन्त्यसम्ममा सुनको मूल्य प्रतिऔंस ६ हजार ३०० डलर पुग्ने अपेक्षा गरिएको बताएका छन्, जुन हालको मूल्यबाट ३० प्रतिशतले वृद्धि हो। 'सुन एक गतिशील, बहुआयामिक धातु हो। लगानीकर्ताको माग हाम्रो अधिल्लो अपेक्षाभन्दा बलियो हुँदै गएको छ,' ग्रेगरी सियरर, जेसन हन्टर, अली इब्राहिम र अनन्याश्री गुप्ताले उक्त नोटमा बताएका छन्।

(पावर अलजजिराका स्तम्भकार हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका र रुसलाई आणविक हतियार नियन्त्रण सम्झौता गर्न गुटेरेसको आह्वान

न्युयोर्क/ संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र रुसलाई छिटै नयाँ आणविक हतियार नियन्त्रण सम्झौता गर्न आह्वान गरेका छन् । दुई शक्ति राष्ट्रबिच कायम अन्तिम आणविक सन्धि न्यू स्टार्ट सम्झौता बिहीबार समाप्त भएको छ । योसँगै मस्को र वासिंटनलाई औपचारिक रूपमा आणविक हतियार वृद्धि गर्न रोक्ने अब कुनै पनि प्रावधान अस्तित्वमा छैनन् । यसले विश्वव्यापी आणविक हतियारको वृद्धि निम्त्याउने डर जगाएको छ । पोप, पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामालगायत धेरै विश्वनेताले यसप्रति चिन्ता व्यक्त गरेका छन् ।

'दशकौं लगाएर हासिल भएको उपलब्धिको अन्त्य एकदम कठिन समयमा भएको छ । आणविक हतियारको प्रयोग हुने जोखिम दशकौंयताकै सबैभन्दा उच्च बनेको समयमा यो सम्झौताको समय सकिएको छ,' महासचिव गुटेरेसले भने ।

गुटेरेसले वासिंटन र मस्कोलाई 'ढिलाइ नगरी वार्ताको टेबलमा फर्कन र नयाँ आणविक हतियार नियन्त्रण ढाँचामा सहमत हुन' आग्रह गरेका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सन्धिको समयसीमा एक वर्ष



लम्ब्याउन प्रस्ताव गरेका थिए । तर, ट्रम्पले प्रस्ताव अस्वीकार गरिदिए । ट्रम्पले अब हुने कुनै पनि आणविक नियन्त्रण सम्झौतामा चीन पनि समावेश हुनुपर्ने बताउँदै आएका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बुधबार ट्रम्पले आणविक नियन्त्रणसम्बन्धी सम्झौताबारे अगाडि कसरी जाने भनेर पछि निर्णय लिने बताउँदै नयाँ सम्झौतामा चीनलाई पनि समावेश गर्नुपर्ने आह्वान दोहोऱ्याए ।

'राष्ट्रपतिले विगतमा पनि स्पष्ट पारिसकेका छन् कि २१औं शताब्दीको आणविक हतियार नियन्त्रणको सम्झौत चीनलाई समावेश नगरी अगाडि बढ्न सक्दैन । उनीहरूले अहिले द्रुत गतिमा विशाल भण्डार बनाएका छन्,' रुबियोले भने ।

विश्वमा हाल रहेका आणविक हतियारमध्ये झन्डै ८० प्रतिशत संख्या रुस र अमेरिकासँग मात्र रहेका छन् । अमेरिका र रुसको भन्दा निकै कम भए पनि चीनले पछिल्लो समय आफ्नो आणविक हतियार भण्डार छिटो बढाइरहेको छ । चीनसँग अनुमानित ५५० रणनीतिक आणविक प्रक्षेपक रहेको छ ।

इतिहासमा आज



सन् १८४० : ब्रिटिस राजमुकुट र न्युजिल्यान्डका माओरी जातिका ५०० भन्दा बढी मुखियाबिच 'वाइतांगी सन्धि'मा हस्ताक्षर भयो । सन्धिले माओरी जाति ब्रिटिस रैती हुने र माओरी जातिले उपभोग गर्दै आएको जमिनको बे लायतले संरक्षण गर्ने सामझदारी भएको थियो । यस सन्धिसँगै न्युजिल्यान्ड औपचारिक रूपमा बेलायती उपनिवेश बन्यो ।

सन् १८९९ : अमेरिकी सिनेटले शान्ति सम्झौता अनुमोदन गरेसँगै 'स्पेन-अमेरिकाबिचको युद्ध' अन्त्य भयो । सम्झौताअनुरूप स्पेनिस उपनिवेश क्युबा स्वतन्त्र भयो । गुआम र प्युटोरिकोमाथि अमेरिकी शासन स्थापित भयो । त्यस्तै, स्पेनको एसियाली उपनिवेश फिलिपिन्स अमेरिकालाई दुई करोडमा बेच्ने सहमतिसमेत भएको थियो ।

सन् १९५९ : अमेरिकी इन्जिनियर ज्याक विल्वीले 'इन्टिग्रेटेड सर्किट (आइसी)' आविष्कार गरे, जुन खोजका लागि किल्वीले सन् २००० मा गएर भौतिकशास्त्र विधामा नोबेल पुरस्कार जिते ।

सन् १९६४ : फ्रान्स र बेलायतले दुई देशलाई छुट्याएको समुद्री भाग 'इंग्लिस च्यान' मुनिबाट रेलको सुरुङमार्ग बनाउने सहमति जनाए ।

सन् १९६७ : कम्युनिस्ट देश अल्बानियामा सांस्कृतिक क्रान्तिको घोषणा । राष्ट्रपति एनवर होज्जाको नेतृत्वमा चलेको अभियानका क्रममा मुस्लिमबहुल यस देशका अधिकांश मस्जिद भत्काइए ।

सन् १९८९ : पोल्यान्डको सत्तारुढ कम्युनिष्ट सरकारले श्रमिक आन्दोलनका कारण देशमा बढ्दो अव्यवस्था अन्त्य गर्न भन्दै आन्दोलनका नेतृत्व गरिरहेको 'सोलिडारिटी ट्रेड युनियन', यसका नेता लेख वालेसालगायत विपक्षी समूहसँग गोलमेच सम्मेलन सुरु गऱ्यो । यो सम्मेलन सो वर्ष एप्रिल ५ सम्म चलेको थियो ।

विश्व संक्षेप

आणविक ऊर्जाको 'शान्तिपूर्ण प्रयोग'मा इरानलाई चीनको समर्थन

बेइजिङ/ चीनका सहायक विदेशमन्त्री लिउ बिनले आफ्ना इरानी समकक्षीलाई बेइजिङमा भेट गर्दै 'इरानको आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगको कानुनी अधिकारलाई चीनले समर्थन गर्ने' बताए । साथै बिनले 'धाकधम्की र प्रतिबन्धको दबाबको चीनले विरोध गर्ने' पनि बताए ।

चीनको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार 'चीनले इरानी आणविक समस्याको समाधान उचित रूपमा हुनुपर्ने अडानलाई समर्थन गर्नेछ ।' इरानले बारम्बार आफ्नो आणविक कार्यक्रमलाई शान्तिपूर्ण भन्दै आणविक हतियार निर्माण गर्न खोजिरहेको भन्ने कुराको खण्डन गर्दै आएको छ ।

भेनेजुएलाको कुख्यात जेललाई सांस्कृतिक केन्द्रमा रूपान्तरण गर्दै सरकार

काराकास/ यो भवनको डिजाइन सन् १९५० को दशकमै गरिएको थियो । डिजाइनअनुसार बनेको भए सो भवन विश्वको पहिलो 'ड्राइभ-थ्रू सपिङ सेन्टर (भवनभित्रै गाडीमा सयर गर्न सकिने सपिङ सेन्टर)' बन्ने थियो । डिजाइनमा यस संरचनामा ३०० पसल सिनेमाघर, होटेल, निजी क्लब, कन्सर्ट हल र हेलिपोर्टसहित राख्ने योजना थियो ।

तर, डिजाइनअनुरूपको भवन कहिल्यै बनेन । जति बनेको थियो, त्यसमा तत्कालीन राष्ट्रपति ह्युगो चाभेज र पछि निकोलस मदुरोको शासनकालमा विरोधीलाई कैद गर्न थालियो । सपिङ सेन्टरका रूपमा परिकल्पना गरिएको यो ठाउँ (एल हेलिकोइड) पछि राजनीतिक कैदी थुन्ने देशको सबैभन्दा कुख्यात यातना केन्द्र बन्यो । अहिले आएर भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले एल हेलिकोइड हिरासत केन्द्र बन्द गर्ने र त्यसलाई सांस्कृतिक केन्द्रमा परिणत गर्ने घोषणा गरेकी छिन् । रोचक के छ भने विगतमा मदुरोको उपराष्ट्रपति हुँदा उनी आफैं सो जेलकी निरीक्षक थिइन् । काराकासस्थित सो विशाल संरचनालाई 'प्रहरी परिवार र छिमेकी समुदायका लागि खेलकुद, सांस्कृतिक र व्यावसायिक केन्द्र'मा परिणत गरिने रोड्रिगेजले शुक्रबार घोषणा गरिन् । रोड्रिगेजले मदुरोलाई पक्राउ गरेर अमेरिकामा सुम्पिएदेखि सरकारले गरेका विभिन्न सुधारअन्तर्गत पछिल्लो कदम चालिएको हो ।

रुससँगको युद्धमा ५५ हजार युक्रेनी सैनिक मारिएको जेलेन्स्कीको भनाइ

किभ/ रुससँग चलिरहेको युद्धमा हालसम्म ५५ हजार युक्रेनी सैनिकको ज्यान गएको युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले भने । साथमा 'ठुलो संख्या'मा सैनिक बेपत्ता रहेको पनि उनले बताए । तथापि, उनले बेपत्ता रहेकाहरूको संख्या भने दिएनन् । बुधबारको राष्ट्रपति जेलेन्स्कीको टिप्पणी अबुधाबीमा रुससँग युद्धविरामसम्बन्धी चलिरहेको वार्ताको सन्दर्भमा आएको हो ।

युक्रेन र रुस दुवैले युद्धमा भएको हताहतीको तथ्यांक बिरलै खुलासा गर्छन् । उनीहरू आफ्नो पक्षको हताहतीको संख्या लुकाउँदा युद्धभूमिमा शत्रुको भने विशाल क्षति भएकोमा जोड दिने गर्छन् । विश्लेषकहरूले किभ र मस्को दुवैले अर्को पक्षको मृत्युलाई बढाइचढाइ प्रस्तुत गर्ने गरेको बताउँछन् ।

सन् २०२५ को मध्यतिर वासिंटन डिसीस्थित 'सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज' भने सन् २०२२ मा युद्ध सुरु भएयता लगभग चार लाख युक्रेनी सेना मारिएका वा घाइते भएको प्रक्षेपण गरेको थियो ।

भोलानाथ ग्रुप अफ कम्पनी प्रा. लि.
बु.न.प.-८, काठमाडौं

दर्ता खारेजी सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०२/०७ गते दर्ता भएको दर्ता नं. ३३६८४७/०८०/०८१ को भोलानाथ ग्रुप अफ कम्पनी प्रा. लि. लाई दर्ता खारेजी मा लैजाने कम्पनी ऐन २०६३ को दफा १३६ (क) बमोजिम मिति २०८१/०४/१४ गतेको विशेष साधारणसमाले निर्णय गरेकोले तिर्नु व्यहोरा पर्ने ऋण धन एवं कोही कसैको कुनै किसिमको लेनदेन वाँकी बक्यौता भएमा तथ्युक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित कार्यालय को ठेगानामा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सुविन थापा, अध्यक्ष
मोबाइल : ९८४११७१७९८

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

मध्यबानेश्वर, काठमाण्डौ,
फोन नं. ०१-४५९५५१३, ४५६४८५३
Email: info@chhimekbank.org.np
Web: www.chhimekbank.org

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position As on Quarter ended 30 Poush, 2082

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	10,166,822,878.96	8,132,326,574.76
Statutory Balances and due from Nepal Rastra Bank	1,015,955,130.00	776,679,130.00
Placement with Banks & Financial Institutions	-	-
Derivatives Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan and Advances to Customer	41,858,151,895.89	37,821,256,754.33
Investment Securities	833,782,600.00	764,218,640.00
Current Tax Assets	11,393,837.55	32,938,752.29
Investment Property	-	-
Property and Equipment	279,980,534.06	279,089,816.75
Goodwill and Intangible Assets	2,241,134.33	2,207,600.59
Deffered Tax Asssets	59,643,237.10	35,416,771.22
Other Assets	684,969,299.55	1,035,505,125.43
Total Assets	**54,912,940,547.44**	**48,879,639,165.37**
Liabilities		
Due to Banks and Financial Institutions	-	-
Due to Nepal Rastra Banks	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	42,838,109,109.95	36,342,421,623.23
Borrowings	2,819,565,454.88	3,824,421,908.41
Current Tax Liabilities	-	-
Provisions	40,428,113.92	40,428,113.92
Deferred Tax Liabilities	-	-
Other Liabilities	762,891,580.87	1,036,211,120.21
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**46,460,994,259.62**	**41,243,482,765.77**
Equity		
Share Capital	3,617,264,101.50	3,215,345,868.00
Share Premium	40,967,834.00	40,967,834.00
Retained Earnings	1,715,692,104.72	1,598,710,511.15
Reserves	3,078,022,247.60	2,781,132,186.46
Total equity	**8,451,946,287.82**	**7,636,156,399.60**
Total Liabilities and Equity	**54,912,940,547.44**	**48,879,639,165.37**

Unaudited Condensed Statement of Profit & Loss For the Quarter ended 30 Poush, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	1,595,959,168.53	3,247,112,395.34	1,472,556,692.34	2,968,169,238.05
Interest Expense	891,126,113.59	1,787,161,355.94	793,678,429.47	1,609,443,945.50
Net Interest Income	**704,833,054.94**	**1,459,951,039.40**	**678,878,262.87**	**1,358,725,292.55**
Fee and Commission Income	97,919,174.00	182,982,128.00	88,690,624.00	176,905,607.00
Fee and Commission Expense	418,837.87	570,335.87	427,245.29	584,932.00
Net Fee and Commission Income	**97,500,336.13**	**182,411,792.13**	**88,263,378.71**	**176,320,675.00**
Net Interest, Fees and Commission Income	**802,333,391.07**	1,642,362,831.53	767,141,641.58	1,535,045,967.55
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**802,333,391.07**	**1,642,362,831.53**	**767,141,641.58**	**1,535,045,967.55**
Impairment Charge/(reversal) for Loans and other losses	9,396,040.03	25,299,150.22	76,027,765.93	127,998,802.14
Net operating income	**792,937,351.04**	**1,617,063,681.31**	**691,113,875.65**	**1,407,047,165.41**
Operating Expense				
Personnel Expenses	286,601,772.55	652,038,212.63	255,561,459.79	588,145,266.37
Other Operating Expenses	70,425,043.42	141,683,219.38	40,450,430.43	78,796,554.12
Depreciation & Amortization	9,639,560.74	17,584,588.72	9,721,981.16	18,367,079.21
Operating Profit	**426,270,974.33**	**805,757,660.58**	**385,380,004.27**	**721,738,265.71**
Non-Operating Income	12,451,499.35	17,254,528.14	6,550,294.71	9,460,286.53
Non-Operating Expense	712.39	712.39		
Profit before Income Tax	**438,721,761.29**	**823,011,476.33**	**391,930,298.98**	**731,198,552.24**
Income Tax Expense				
Current Assets	131,628,059.89	246,914,974.40	117,579,089.69	219,359,565.67
Deferred Tax	-	-	-	-
Profit for the Period	**307,093,701.40**	**576,096,501.93**	**274,351,209.29**	**511,838,986.57**

Statement of Comprehesive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	**307,093,701.40**	**576,096,501.93**	**274,351,209.29**	**511,838,986.57**
Other Comprehensive Income	-	-	-	-
a) Items that will not be reclassified to profit or loss	-	-	-	-
- Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-
- Gain/(loss) on revaluation	-	-	-	-
- Actuarial gain/loss on defined benefit plans	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that will not be reclassified to profit or loss	-	-	-	-
b) Items that are or may be reclassified to profit or loss	-	-	-	
- Gains/(losses) on cash flow hedge				-
- Exchange gains/(losses) (arising from translating financial assets of foreign opaeration)	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that are or may be reclassified to profit or loss	-	-	-	-
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	
Other comprehensive income for the period net of income tax	-	-	-	-
Total Comprehensive Income for the period	**307,093,701.40**	**576,096,501.93**	**274,351,209.29**	**511,838,986.57**
Earnings per share				
Basic earnings per share		31.85		31.84
Annualized Basic Earnings Per Share		31.85		31.84
Diluted earnings per share		31.85		31.84

Ratio as per NRB Directives

Particulars	Current Year		Previous Year Correspondin	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	16.84%	-	16.96%
Non Performing Loan (NPL) to Total Loan	-	2.45%	-	2.72%
Total Loan Loss Provision to Total NPL	-	151.29%	-	150.35%
Cost of Funds	-	8.31%	-	8.45%
Credit to Deposit & Borrowing Ratio	-	94.92%	-	97.87%
Base Rate	-	11.96%	-	11.60%
Interest rate spread	-	5.51%	-	6.16%

Statement of Distributable Profit and Loss For the Quarter ended 30 Poush, 2082 (As per NRB Regulation)

Particulars	Current Year	Previous Year Corresponding
	Upto this Qtr	Upto this Quarter
Net Profit or (Loss) as per statement of profit or loss	576,096,501.93	511,838,986.57
Appropriations		
a. General Reserve	115,219,300.39	102,367,797.31
b. Foreign Exchange Fluctuation Fund	-	-
c. Capital Redemtion Reserve	-	-
d. Corporate Social Responsibility	5,760,965.02	5,118,389.87
e. Employee Trainning Fund	-	-
f. Other (Client Protection Fund)	11,521,930.04	7,677,584.80
Profit or Loss before regulatory adjustment	**443,594,306.49**	**396,675,214.59**
Regulatory Adjustment		
a. Interest receivable (-)/previous accrued interest received (+)	20,196,742.95	5,781,934.66
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Acturial loss recognised (-)/reversal (+)	-	-
i. other	-	-
Net Profit For the Quarter ended 30 Poush, 2082 available for distribution	**463,791,049.43**	**402,457,149.25**
Opening Retained Earning	2,055,737,522.29	1,642,829,176.90
Adjustment (+/-)	-	-
Distribution		
Bonus share issued	401,918,233.50	238,173,768.00
Cash Dividend Paid	401,918,233.50	208,402,047.00
Total Distributable profit or (loss) as on Quarter end date	**1,715,692,104.72**	**1,598,710,511.15**
Annualised Distributable Profit/Loss per share	47.43	49.72

Notes :

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) .These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.chhimekbank.org).
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Actuarial Valuation will be done for Employee Benefits and will be adjusted in audited financial statements.
5. Personnel Expenses also include employee's bonus provision.
6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. Immediate Previous Year Ending of Financial Position are unaudited figures.

Disclosure Pursuant to Securities Registration and Issue Regulation 2073 (Rule 26(1), Annexure 14) Second Quarter of Financial Year 2082/83

1 Financial Statement

a) The Nepal Financial Reporting Standard (NFRS) compliant financial statement of the Second quarter has been published along with this report.
b) Pursuant to adoption of ECL model, recognition of interest income has been based upon NRB NFRS 9 Expected Credit Loss (ECL) Related Guidelines, 2024.
c) The Microfinance, following regulatory backstop as mentioned Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognize impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02.
d) Detail disclosure regarding ECL has been made in website of the Microfinance.

e) Key Financial Indicators

Earnings Per Share	31.85	Liquidity Ratio	24.09%
Price Earnings Ratio	28.88	Return on Equity	13.63%
Net Worth Per Share	233.66	Total Assets Value Per Share	1,518.08

2 Management Analysis

a) Quarterly analysis of the microfinance's incomes and liquidity:
The microfinance has registered NPR 57,60,96,501.93 in net profit, and its liquidity ratio stands at 24.09%.

b) Business Analysis and Business Plan:
Having the license to operate all over Nepal, the microfinance is currently providing its services in 69 districts through 197 branches. With the aim of improving access to financial services to the poor and marginalized women members and developing micro-entrepreneurship, the microfinance is serving 4,42,411 households and has provided various loans to 2,52,001 members till the end of this quarter. The microfinance is further planning to timely improve its quality of services as per the contemporary circumstances and needs & requirements of the members. The microfinance will keep on continually developing the micro-enterpreneurship on its members through micro-credit services and training facilities.
To streamline deposit and installment collections, the microfinance institution has successfully collaborated with private digital payment service providers, enhancing members access to digital payment options. Moving forward, the institution aims to further expand and improve its digital services.

3 Details Related to Legal Proceedings

a) No information regarding the lawsuit against the microfinance has been filed during the Quarterly period under review.
b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the microfinance during the quarterly period under review.
c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the microfinance during the quarterly period under review.

4. Analysis of the Microfinance's Share Transaction

a) The shares of the microfinance are listed on Nepal Stock Exchange. The microfinance's share price is determined by the market's movement and microfinance's management is neutral in this regard.
b) The microfinance has complied with all the prevailing norms of SEBON and directives issued by NRB.
c) Details of share transaction during the quarter is as follows:

Maximum Price	1,054.90	Total Days Transacted	55.00
Minimum Price	900.00	Total Shares Transacted	1,104,447.00
Closing Price	919.90	Total Number of Transaction	10,374.00
		Total Amount Transacted	**1,106,128,507.20**

(Source: - www.nepalstock.com.np)

5. Problems and Challenges

The current economic recessions has led to increased default rate. The microfinance had faced severe challanges, including increased default rates due to economic recession, social unrest from opposing groups, risk of multiborrowing, a shortage of skilled mapower, and frequent regulatory changes. Even though potential loanee are properly vetted, and improvements are evident but there is always a risk of multiple borrowing of clients with other financial institutions. Similarly there is lack of skilled manpower within the country which has hampered the efficient growth of these institutions. Finally, frequent regulatory policy changes by the concerned regulatory body adds complexity and uncertainty to the operations.
The total cost of operations has been increased in recent times due to recruitment, retention of quality human resource.
The challenges faced by the microfinance during this period are listed below:

i) Internal Challenges:
a) Challenges in the timely recovery of loans,
b) Recruitment and retention of quality manpower,
c) Increasing cost of operation,
d) Decrease in employee productivity due to geographical dificulties,
e) Management of increased operational risk with the increase in business volume & number of branches.
f) Difficulty in conducting members field meeting due to the activities of group, carrying out act against Microfinance sectors.

ii) External Challenges
A) Increment in the interest rate of deprived sector and other borrowings availed by the Microfinance,
b) Changes in regulatory provisions,
c) Challenges in the management of the liquidity,
d) Multiple borrowings and duplication of members,
e) Larger numbers of microfinances and unhealthy competition among them,
f) Lack of markets for the productions of the members,
g) Long term impact of covid-19 pendamic.

iii) Future Strategies to overcome the challenges
a) Optimum and efficient utilization of the available means and resources,
b) Enhancing the Quality of Assets,
c) Incorporating Digital banking in every possible aspects of the services,
d) Expansion of branches to the untapped areas of the country,
e) Enhancing the competitive advantages,
f) Extension of the lending in Productive and Agricultural Sector.

6. Corporate Governance

The microfinance is committed in maintaining the highest level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with all the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the microfinance adheres to all the regulatory and legal requirements and the industry best practices.

7. Declaration by CEO

I, CEO of the microfinance, take responsibility for the truthfulness of the information disclosed in this report to the best of my knowledge. Further, the information disclosed herein are true and fair and have not knowingly concealed any material information which may affect the decision of the investor.

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २३ माघ ०८२

अस्वाभाविक मूल्यवृद्धि नगर्न वाणिज्य विभागको निर्देशन

नयाँ पत्रिका

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अस्वाभाविक मूल्यवृद्धि नगर्न व्यवसायीलाई निर्देशन दिएको छ। विभागका निर्देशक नरहरि तिवारीका अनुसार अहिले खानेतेल, चाममललगायत दैनिक उपभोग्य वस्तुको मूल्य बढेको स्थलगत निरीक्षणकै क्रममा फेला पारेकाले व्यवसायीलाई मूल्य नियन्त्रण गर्न निर्देशन दिइएको हो।

'अहिले उपभोक्ताप्रतिकूल हुने गरी खाद्य वस्तुलगायतको मूल्य बढेको छ। अहिले भइरहेको मूल्यवृद्धि मान्य हुने स्थिति छैन। अहिले मूल्य बढ्ने वेला पनि होइन,' उनले भने, 'त्यसैले मूल्य बढ्नुको स्पष्ट आधार र कारणसहित पेस हुनुस्, नत्र आफैं मूल्य नियन्त्रणका औजार प्रयोग गर्नुस् भनेर व्यवसायीलाई निर्देश गरेका छौं,' उनले भने। व्यवसायीले पनि खरिद लागत पुनर्मूल्यांकन गरी बजारभाउ समायोजनका लागि पहल गर्ने जानकारी दिएको उनले बताए।

खुद्रा व्यवसायीका अनुसार खानेतेल प्रतिकार्टुन दुई सय ६५ रुपैयाँ, जिरा मसिनो चामल प्रतिबोरा एक सय र लङ्ग्रेन चामल प्रतिबोरा दुई सय रुपैयाँसम्म बढेको छ। खुद्रा बजारमा सनफ्लावर तेल प्रतिकार्टुन २३ सय ८५ रहेकोमा अहिले बढेर २६ सय ५० पुगेको छ। जसकारण सनफ्लावर तेल प्रतिलिटर २० रुपैयाँसम्म बढेको छ।

विभागले विज्ञप्ति निकालेर उपभोक्ताप्रतिकूल व्यवसाय गर्नेलाई कानुनअनुसार कारबाही भइरहेको पनि जानकारी दिएको छ। उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले मूल्यवृद्धि नियन्त्रणका लागि सरकारी पहल कम भइरहेको बताए। उनले अनुगमन संयन्त्रलाई चुस्त बनाउन सके बजार मूल्य केही भए पनि घट्ने बताए। ग्यास आपूर्ति असहज बनिरहेको गुनासो बढेपछि विभागले उपत्यकामा रहेका केही ग्यास उद्योग डिलरमा अनुगमन गरेको छ। विभागका अनुसार सिद्धार्थ ग्यास, गौरीशंकर ग्यास र सगरमाथा ग्यासको डिलर तथा वितरककहाँ पुगेर मौज्दात र खुद्रा बिक्रीको अवस्थाबारे जानकारी संकलन भएको छ।

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED
रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं.8 झापा, नेपाल
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

आ.व. २०८२/०८३ को दोश्रो त्रैमासिक विवरण

Particulars	As on Poush 30, 2082 (Unaudited)	As on Ashwin 31, 2082 (Unaudited)	As on Poush 29, 2081 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, Plant & Equipment	805,774,728	813,500,148	825,890,801
Financial Assets			
Investment in Subsidiary	20,000,000	20,000,000	20,000,000
Other Non Current Assets	708,168	708,168	730,000
Total Non-Current Assets	**826,482,896**	**834,208,316**	**846,620,801**
Current Assets			
Inventories	2,383,710	2,133,710	180,918
Financial Assets			
Trade Receivables	15,541,407	19,669,438	11,190,856
Cash and Cash Equivalents	4,605,655	117,243	1,078,159
Other Current Assets	2,251,240	1,368,494	7,195,798
Current Tax Assets (Net)	1,515	-	-
Total Current Assets	**24,783,527**	**23,288,885**	**19,645,730**
Total Assets	**851,266,423**	**857,497,201**	**866,266,531**
Equity & Liabilities			
Equity			
Equity Share Capital	380,190,000	380,190,000	285,142,500
Other Equity	3,497,232	(2,458,327)	(3,449,319)
Total Equity	**383,687,232**	**377,731,673**	**281,693,181**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	420,893,666	422,037,566	519,719,197
Other Financial Liabilities	534,646	474,131	-
Total Non-Current Liabilities	**421,428,312**	**422,511,697**	**519,719,197**
Current Liabilities			
Financial Liabilities			
Borrowings	41,930,000	52,030,000	44,235,000
Trade Payables	-	-	15,693,456
Other Financial Liabilities	4,019,354	4,760,519	4,925,696
Other Liabilities	201,525	463,311	-
Total Current Liabilities	**46,150,879**	**57,253,830**	**64,854,153**
Total Liabilities	**467,579,191**	**479,765,527**	**584,573,349**
Total Equity & Liabilities	**851,266,423**	**857,497,201**	**866,266,531**

Statement of Profit or Loss

Particulars	For The Quarter Ended Poush 30, 2082 Unaudited	For The Quarter Ended Ashwin 31, 2082 Unaudited	For The Quarter Ended Poush 29, 2081 Unaudited
Revenue			
Revenue from Sale of Electricity	53,704,961	29,014,076	46,305,145
Cost of Sales			
Generation Expenses	5,413,494	2,482,616	2,615,637
Gross Profit	**48,291,467**	**26,531,460**	**43,689,508**
Depreciation	16,554,472	8,829,051	16,912,088
Administrative & Other Operating Expenses	4,724,076	2,065,416	2,046,958
Profit from Operation	**27,012,920**	**15,636,993**	**24,730,462**
Other Income	2,200,000	-	-
Finance Income	5,661	5,461	2,291
Finance Costs	18,697,268	11,076,700	28,530,228
Profit Before Tax	**10,521,313**	**4,565,754**	**(3,797,475)**
Current Tax	-	-	-
Profit After Tax	**10,521,313**	**4,565,754**	**(3,797,475)**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. **वित्तीय विवरण**
क) आ. व. २०८२/८३ को दोस्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण, तुलनात्मक वित्तीय विवरण र वित्तीय अनुपातहरु यसै प्रतिवेदन साथ प्रकाशित गरिएको छ।
ख) यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि संग भएको सम्झौता बमोजिम यस दोस्रो त्रैमासिकको अवधिसम्ममा जग्गा लिज भाडा बापत रु. २,००,०००/- (वार्षिक रु. ४,००,०००/-) यस कम्पनीले खर्च लेखाङ्कन गरेको छ।
(ग) **प्रमुख वित्तीय सूचकहरु:**

क्र.सं.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.) वार्षिकीकृत	५.५३	४.८०	(२.६६)
२	प्रति शेयर नेटवर्थ (रु.)	१००.९२	९९.३५	९८.७९
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२२३.९१	२२५.५४	३०३.८०
४	तरलता अनुपात	०.५४	०.४१	०.३०
५	पी. ई रेसियो वार्षिकीकृत	२५७.१४	-	-

२. **व्यवस्थापकीय विश्लेषण:**
क) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार प्रति युनिट ७.३० का दरले नेपाल विद्युत प्राधिकरणलाई निरन्तर विद्युत बिक्री गर्दै आएको छ।
ख) यस कम्पनीले आफ्नो स्वामित्वमा १० विघा १७ कट्ठा १८.५ धुर र यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि. को नाममा १० विघा १३ कट्ठा ११ धुर गरी जम्मा २१ विघा ११ कट्ठा ९.५ धुर जग्गा खरिद गरी शिवसताक्षि, झापामा १० मे.वा. क्षमताको ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना निर्माण गरी संचालन गर्दै आई रहेको छ। यस कम्पनीले दोस्रो त्रैमासिक अवधि सम्ममा यस आयोजनाबाट रु. ५,३७,०४,९६१/- बराबरको विद्युत बिक्रीबाट आम्दानी गरेको छ।
ग) प्रथम त्रैमासिक अवधिमा प्राथमिक शेयर निष्काशन (IPO) बाट प्राप्त रकम रु. ९,५०,४७,५००/- बाट सहवित्तीय बैंकको कर्जा भुक्तानी गरिएको हुँदा आउने त्रैमासिक अवधिहरुमा वित्तीय खर्च घट्न गई खुद मुनाफामा सकरात्मक असर पर्ने प्रक्षेपण गरिएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।
ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।
ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
यस कम्पनी व्यवस्थापनबाट शेयर मूल्यमा असाधारण प्रभाव पर्ने किसिमले कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार आ. व. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोबारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१,५०७	२९३.४०	१,४२२	४०	२८,१०८	६२२,१६७

५. **समस्या तथा चुनौती :**
विश्वव्यापी तापमान तथा जलवायु परिवर्तनले सौर्य किरण (Solar Insolation) मा फरक पर्न गई विद्युत उत्पादनमा फरक पर्न सक्ने छ। त्यस्तै कम्पनीको दक्ष जनशक्ति कायम राख्ने चुनौतिहरु यस संस्थामा रहेको छ। संस्थामा आई पर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिको बैठकले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन :**
यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैव उच्च प्राथामिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरी आएको छ। कम्पनी भित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति तथा व्यवस्थापनको नियमित बैठकहरु बस्ने र सोको निर्णयहरु कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्धोषण:**
यस प्रतिवेदनमा प्रस्तुत वितीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकाले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्तालाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

जीवन बिमाको पहुँचमा ५०% नागरिक

०२९ देखि सञ्चालन भएको जीवन बिमा सुरुवातका वर्षहरूमा खासै विस्तार हुन सकेन, जसकारण ०७४ अघिसम्म जीवन बिमाको पहुँचमा करिब सात प्रतिशत मात्रै, तर कोरोना, प्राकृतिक प्रकोपलगायतले क्षति बढ्न थालेपछि दायरा ५० प्रतिशत विस्तार

तथ्यांकमा बिमा पहुँच

असार ०७९- ४१.३९ प्रतिशत
असार ०८० - ४४.३८ प्रतिशत
असार ०८१ - ४३.२७ प्रतिशत
असार ०८२ - ४८.३३ प्रतिशत
पुस ०८२ - ५० प्रतिशत

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिमा प्राधिकरणले पुस मसान्तसम्म तयार गरेको तथ्यांकअनुसार ५० प्रतिशत नागरिकमा जीवन बिमाको पहुँच विस्तार भएको छ।

०२९ देखि जीवन बिमा सुरु भए पनि सुरुवातको केही वर्ष सेवा विस्तार हुनै सकेन। जसकारण ०७४ अघिसम्म जीवन बिमाको पहुँचमा करिब सात प्रतिशत नागरिक मात्रै समेटिएका थिए। तर, पछिल्ला वर्षहरूमा भने बिमा सचेतना वृद्धि भएसँगै दायरा पनि विस्तार भएको प्राधिकरणको तथ्यांक छ।

प्राधिकरणका अनुसार नयाँ कम्पनीको आगमन, सबै जिल्लामा बिमा कम्पनीको शाखा विस्तार, बढ्दो बिमा सचेतनालगायतका कारण पहुँच वृद्धि भएको हो। एक वर्षअघि गत आव ०८१/८२ को पुस मसान्तसम्म बिमा पहुँच ४३.६२ प्रतिशत थियो। असार मसान्तसम्म बढेर ४८.३३ प्रतिशत विन्दुमा पुगेको थियो। चालू आव ०८२/८३ को ६ महिनामा थप बढेर ५० प्रतिशत पुगेको हो।

सिटिजन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) पोषकराज पौडेलले पछिल्लो समय बिमामा नागरिकको आकर्षण बढेकाले दायरा पनि विस्तार भएको बताए। 'कोरोना, प्राकृतिक प्रकोपलगायतका विभिन्न घटनाक्रमले आमनागरिकलाई बिमाको महत्त्व देखाएको छ। जीवनलाई आर्थिक रूपमा सुरक्षित बनाउनुपर्छ भन्दै जीवन बिमा गर्नेको संख्या थपिँदै गएको छ,' उनले भने, 'त्यसले गर्दा बिमा पहुँच पनि बढ्दै गएको हो।' तथ्यांकअनुसार म्यादी, लघु म्यादी र वैदेशिक रोजगार बिमासहित बिमाको पहुँच सो विन्दुमा पुगेको हो।



■ १२ लाख ३१ हजार पोलिसी नवीकरण गर्न बाँकी

प्राधिकरणको तथ्यांकअनुसार जीवन बिमा कम्पनीहरूमा १२ लाख ३१ हजार ६ सय ५० वटा पोलिसी नवीकरण नभई (व्यतीत भएर) बसेका छन्। यो गत आवको यसै अवधिको तुलनामा ०.१७ प्रतिशत मात्रै बढी हो। गत आवको पुस मसान्तसम्म यस्तो संख्या १२ लाख २९ हजार पाँच सय ६ थियो।

रकमका आधारमा व्यतीत बिमा ३७ अर्ब ८० करोड ७६ लाख रुपैयाँ छ, जुन गत आवको पुस मसान्तसम्मको तुलनामा ४.५६ प्रतिशत हो। गत आवको पुस मसान्तसम्म व्यतीत भएर बसेको बिमाको रकम ३६ अर्ब १६ करोड ८९ लाख थियो।

बिमितले सामान्यत १० वर्ष, १५ वर्ष, २० वर्ष, २५ वर्ष अवधि राखेर बिमा गर्ने प्रचलन छ। त्यसका लागि बिमितले हरेक वर्ष बिमाशुल्क तिर्नुपर्छ। उक्त शुल्क नतिरेको अवस्थामा पोलिसी व्यतीत अर्थात् नवीकरण नभई बस्छ। त्यसपछि बिमाले जोखिम रक्षावरण गर्दैन। बिमा अवधि सकिएपछि बिमितले रकम भने बोनससहित फिर्ता पाउने गर्छन्। साथै, बिचमा कुनै पनि वेला बक्यौता र विलम्ब शुल्क तिरेर पोलिसी नवीकरण गर्न सक्ने प्रावधान छ।



एक करोड ६२ लाख पुग्यो सक्रिय बिमा लेख

पुस मसान्तसम्म सक्रिय बिमा लेखको संख्या एक करोड ६२ लाख ५० हजार एक सय ३६ पुगेको छ। गत आवको पुससम्म यस्तो संख्या एक करोड ४० लाख ४१ हजार तीन सय ५३ र असारसम्म एक करोड ५६ लाख ३० हजार नौ सय ९९ थियो। कतिपय व्यक्तिले दुईवटाभन्दा बढी बिमालेख खरिद गरेका छन्। तसर्थ, कुल सक्रिय जीवन बिमालेखलाई पाँच प्रतिशतले घटाएर बिमा पहुँच गणना गरिन्छ। सोहीअनुसार बिमा पहुँच ५० प्रतिशत कायम गरिएको हो।

१६.४७ प्रतिशतले बढ्यो व्यवसाय

चालू आवको ६ महिनामा जीवन बिमा व्यवसाय १६.४७ प्रतिशतले बढेको छ। गत आवको ६ महिनामा एक खर्ब ५६ अर्ब ५० करोड १२ लाख रुपैयाँबराबरको बिमाशुल्क संकलन भएको थियो। चालू आवको ६ महिनामा भने यस्तो संकलन एक खर्ब ८२ अर्ब २७ करोड ३३ लाख रुपैयाँ छ।

घट्यो सरेन्डर, निष्क्रिय बिमा लेख भने बढ्यो

समीक्षा अवधिमा जीवन बिमा सरेन्डर संख्या ६.१३ प्रतिशत घटेको छ। गत आवको पहिलो ६ महिनामा सात अर्ब ४६ करोड ६६ लाख रुपैयाँबराबरको ५४ हजार चार सय १४ बिमालेख सरेन्डर भएको थियो। चालू आवको ६ महिनामा भने पाँच अर्ब ६९ करोड २१ लाख रुपैयाँबराबरको ५१ हजार ७७ वटा पोलिसी सरेन्डर गरिएको छ। यो भनेको पोलिसी बन्द गरेर बिमितले लगेको भुक्तानी रकम हो। आर्थिक गतिविधि बढ्दै गएपछि बिमा सरेन्डर पनि घट्न थालेको हो। गत आवसम्म बिमा सरेन्डर बढ्दो क्रममा थियो। बिमा गरेको तीन वर्षपछि सरेन्डर गरेर आफूले तिरेको रकम र आर्जिक बोनस लिन पाइने प्रावधान छ।

नेप्से परिसूचक २७ सय विन्दुमाथि, साढे ११ अर्बको कारोबार

काठमाडौं/ बिहीबार सेयर बजारमा उत्साहजनक वृद्धि देखिएको छ। नेप्से परिसूचक २७.१९ अंकले उकालो लाग्दै दुई हजार ७०८.७० विन्दुमा पुगेर बन्द भएको हो।

बजार बढेसँगै कारोबार रकममा पनि उल्लेखनीय सुधार आएको छ। अघिल्लो दिन बुधबार सात अर्ब ४९ करोड रुपैयाँको कारोबार भएकोमा बिहीबार ११ अर्ब रुपैयाँभन्दा बढीको सेयर किनबेच भएको छ।



बिहीबार कुल तीन सय २६ कम्पनीका तीन करोड ५५ लाख ७४ हजार ६ सय २७ कित्ता सेयर ११ अर्ब ५८ करोड २८ लाख ९३ हजार आठ सय रुपैयाँमा कारोबार भयो। कारोबारका क्रममा तीन कम्पनीको सेयर मूल्य सकारात्मक सर्किट लेभलमा पुगेको थियो। कालिञ्चोक दर्शन, सुपर माई हाइड्रोपावर र मोदी इनर्जीको सेयर मूल्य १० प्रतिशतले र राधी पावर तथा कालिञ्चोक हाइड्रोपावरको सेयर नौ प्रतिशतभन्दा बढीले बढेको छ। यद्यपि, सुपर मादी हाइड्रोपावरका लगानीकर्ताले भने घाटा व्यहोरेका छन्। सो कम्पनीको सेयर मूल्य ९.९८ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर अग्रस्थानमा रहेको छ। उक्त कम्पनीको ५८ करोड ७७ लाख रुपैयाँबराबरको सेयर कारोबार भयो। त्यसपछि राधी विद्युत्ले ५७ करोड, एसवाई प्यानल नेपालले ५३ करोड, आँखु खोला जलविद्युत्ले ४० करोड र एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टले ३८ करोड रुपैयाँबराबरको सेयर कारोबार गरेको नेप्सेले जनाएको छ।

छुर्पी उत्पादनले गच्यो 'मिल्क होली डे' समस्या समाधान

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

नेपालगन्ज उपमहानगरपालिकाको २० नयाँ बस्तीस्थित साथी स्वावलम्बन सहकारी संस्थाले दैनिक दुई क्विन्टल छुर्पी उत्पादन गर्दै आएको छ। गाउँमा उत्पादित दुध खपत गर्ने उद्देश्यले छुर्पी उत्पादन थालेपछि 'मिल्क होली डे' समस्याको समाधान भएको सहकारीका व्यवस्थापक मेघराज खत्रीले बताए। 'किसानको दुध खपत गर्न छुर्पी उत्पादनमा लागेका हौं,' उनले भने, 'छुर्पी उत्पादन गर्न थालेपछि 'दुध होली डे'को समस्या समाधान भएको छ।'

जाडोयाममा दुध बिक्री नहुने समस्या यथावत् रहेको बताउँदै उनले छुर्पी उत्पादन गर्न थालेपछि किसानलाई दुध बिक्री गर्न सहज भएको बताए। जाडोयाममा दुध बिक्री नहुँदा किसानलाई परेको मर्कालाई मध्यनजर गरी सहकारीले गाई र भैंसीको दुधबाट छुर्पी उत्पादन गर्ने उपाय निकालेको हो। गर्मीयाममा दुध बिक्रीमा समस्या नभएको बताउँदै उनले धेरै खपत हुने वेला लिने र नहुने वेला नलिने भन्ने हुँदैन। 'किसानको दुध बाह्रै महिना खरिद गर्ने उद्देश्य सहकारीले लिएको छ,' उनले भने।



सहकारीले उत्पादन गरेको छुर्पी नेपालगन्ज, कोहलपुर, राँझाका पसलेले लैजाने गरेको उनले बताए। सहकारीले बजार मूल्यभन्दा सस्तोमा बिक्री गर्दै आएको खत्रीले बताए। 'बजारमा छुर्पीको मूल्य एक हजार रुपैयाँ छ, तर हामीले आठ सयमा बिक्री गर्दै आएका छौं। विद्यालय नजिकै छ, विद्यार्थीलाई साइज हेरेर पाँच रुपैयाँको तीन-चारवटा दिन्छौं,' उनले भने।

उनले चौंरीगाईको दुधबाट मात्र छुर्पी बन्छ भन्ने मानसिकताका कारण बजारीकरणमा कठिनाइ भएको बताए।

इपिएसपीडित युवाको मागप्रति सरकारी बेवास्ता

पुराना परीक्षार्थी कोरिया नपठाई नयाँ भाषा परीक्षाको सूचना जारी

अजित अधिकारी/नयाँ पत्रिका

भाषा परीक्षा उत्तीर्ण गरेर पनि रोजगारीका लागि कोरिया जानबाट वञ्चित १२ हजारभन्दा बढी युवाको मागलाई बेवास्ता गर्दै इपिएस कोरिया शाखाले नयाँ भाषा परीक्षाको सूचना जारी गरेको छ।

इपिएस शाखाले आगामी ३ फागुनमा कृषितर्फ रोजगारीका लागि कोरिया जान इच्छुक प्रशिक्षार्थीका लागि कोरियन भाषा परीक्षाको मिति तोकेको हो। ललितपुरको भैंसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा परीक्षा हुनेछ। तर, १८ पुसदेखि इपिएसपीडित युवाको समूहले नयाँ भाषा परीक्षा सञ्चालन नगर्न दबाब दिइरहेका छन्।

कोरियाली रोजगारीको सपना देखेर बसेका १२ हजारभन्दा बढी युवालाई रोजगारी सुनिश्चित गरेर मात्र नयाँ परीक्षा सञ्चालन गर्नुपर्ने उनीहरूको माग छ। ग्वार्कोस्थित इपिएस शाखा कार्यालय, भैंसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र माइतीघर मण्डलामा पालैपालो १८ पुसदेखि धर्ना दिइरहेका खोटाडका अनिश कार्कीले पुराना प्रशिक्षार्थी कोरिया नपठाई नयाँ परीक्षा सञ्चालन गर्न नहुने बताए। 'पुराना प्रशिक्षार्थी लैजाने ग्यारेन्टी हुनुपर्छ। त्यसपछि मात्रै नयाँ लैजान परीक्षा गर्नुस् भनेर माग राखिरहेका छौं,' उनले भने, 'पुराना नलाने, तर नयाँ थप्दै जाने हो भने कसरी समस्या समाधान हुन्छ ?'

काभ्रेका अर्का युवा हर्क लामाले पनि पुराना प्रशिक्षार्थीको व्यवस्थापन हुनुपर्ने बताए।

'तीन-चार वर्षदेखि कोरिया जानका लागि भाषा परीक्षा उत्तीर्ण गरेर बसेका छौं, तर पालो आएको छैन,' उनले भने। इपिएस शाखाले भने कोरियासँगको श्रम सम्झौताअनुसार नै नियमित रूपमा भाषा परीक्षा सञ्चालन भइरहेको जनाएको छ।

शाखाका सूचना अधिकारी राजकिशोर साहले धेरै युवाको भाषा परीक्षाको समयावधि सकिन लागेकाले नयाँ प्रशिक्षार्थी तयार गर्नुपर्ने अवस्था रहेको बताए। 'एकपटक भाषा परीक्षा उत्तीर्ण गरेपछि दुई वर्षका लागि मान्य हुन्छ,' उनले भने, 'तर, धेरै युवाको समयावधि एक-दुई महिनामै सकिँदै छ। त्यसैले परीक्षा सञ्चालन गर्नु अनिवार्य छ।'

इपिएसपीडित युवाले भाषा परीक्षाको म्याद सकिए पनि कूटनीतिक पहलमार्फत दुई वर्ष थप गर्नुपर्ने आवाज उठाइरहेका छन्। उनीहरूको मागबारे सियोलस्थित नेपाली दूतावासमा साताअघि कोरियाली अधिकारीसँग छलफल भएको थियो। सो छलफलमा कोरियाली अधिकारीले भाषा परीक्षाको म्याद थप गर्न नसकिने जवाफ दिएका थिए।

सूचना अधिकारी साहले पनि भाषा परीक्षाको म्याद थप गर्नेबारे ठोस निर्णय नभएकाले नयाँ प्रशिक्षार्थी तयार गर्न लागिएको बताए। '३ फागुनका लागि तोकिएको परीक्षा नियमित प्रणालीअन्तर्गत हो। उक्त परीक्षामा उत्तीर्ण भएकालाई सबै प्रक्रिया पूरा गरी रोस्टरमा राख्न ५-६ महिना लाग्छ,' उनले भने, 'कोरियाबाटै भाषा परीक्षा गर्न पनि निर्देशन आइसकेकाले हामीले सहजीकरण गरेका हौं।'



■ १८ सय माग, ३५ हजार युवा सहभागी हुँदै

कोरियाली रोजगारीको पर्खाइमा १२ हजारभन्दा बढी युवा, तर पुरानाको व्यवस्थापन नगरी ५३ सय थप युवालाई रोस्टरमा समावेश गर्न कोरियन भाषा परीक्षा सञ्चालन हुँदै

सन् २०२५ का लागि कोरियाको मानव संसाधन विकास सेवा (एचआरडी, कोरिया)ले नेपालबाट कृषितर्फ १८ सय युवालाई रोजगारी दिने गरी कोटा तोकेको छ। १८ सयभित्र छनोट हुन ३५ हजार दुई सय १८ युवा परीक्षामा सहभागी हुँदै छन्।

दसैँअघि लिइएको प्रारम्भिक परीक्षामार्फत युवा छनोट भएका हुन्। ललितपुरको भैंसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा हुने भाषा परीक्षामा सहभागी हुनुअघि बायोमेट्रिक पूरा गर्न इपिएस शाखाले सूचना जारी गरेको छ। यो वर्ष कोरियाले उत्पादनतर्फ थप ३५ सय युवा लैजाने गरी कोटा निर्धारण गरेको छ। सो परीक्षा भने फागुन दोस्रो साताति सञ्चालन गर्ने इपिएस शाखाको तयारी छ।

दरबार हाइस्कुलका विद्यार्थीलाई कामना विकास बैंकको छात्रवृत्ति



काठमाडौं/ कामना सेवा विकास बैंकले भानु माध्यमिक विद्यालय (दरबार हाइस्कुल)मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत दरबार हाइस्कुलको १७२औं स्थापना दिवसका अवसरमा विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो।

आर्थिक अभावका कारण पठनपाठन प्रभावित हुने अवस्थालाई मध्यनजर गर्दै बैंकले छात्रवृत्ति प्रदान गरेको जनाएको छ। छात्रवृत्ति बैंकका मार्केटिङ विभाग प्रमुख पर्मा ढुंगेलले विद्यालयका प्रधानाध्यापक शारदाकुमारी पौडेललाई हस्तान्तरण गरे। प्रधानाध्यापक पौडेलले जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी उनीहरूको हौसला बढाएकामा बैंकलाई आभार प्रकट गरिन्। त्यस्तै, मार्केटिङ विभाग प्रमुख ढुंगेलले शिक्षा क्षेत्रमा योग्दान पुऱ्याउँदै आएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

'भिल'को नयाँ प्रोजेक्ट

काठमाडौं/ भिडिओ मार्केटिङ र क्रिएटर कोलाबोरेसनका लागि प्लाटफर्म भिलले नेपालमा पाइलट प्रोजेक्ट सुरु गर्ने भएको छ।

काठमाडौंमा क्रिएटर मेलाको एक प्यानल छलफलका क्रममा भिलका संस्थापक तथा सिइओ दिलीप ढकालले घोषणा गरेका हुन्। भिलको यो प्रवेशले नेपाली क्रिएटरलाई विश्वव्यापी मापदण्डसँग जोड्दै डिजिटल अर्थतन्त्रमा कोसेढुंगा बन्ने अपेक्षा गरिएको छ।

Correction Notice

Publication Date: Feb. 6, 2026

In reference to the notice published on Nayapatrika National Daily dated February 5, 2026, regarding the invitation for Bids for supply of calendar 2083, the last date for purchasing and submission the bid documents is corrected as February 11, 2026 and bid documents opening date is corrected as February 12, 2026. Sorry for the Inconvenience caused.

Citizens Bank

सुरु भयो बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी

काठमाडौं/ नेपालको निर्माण क्षेत्रको विकासमा केन्द्रित 'नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी'को ११औं संस्करण बिहीबारदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको छ। प्रदर्शनी माघ २५ गतेसम्म सञ्चालन हुनेछ।

निर्माण क्षेत्रसँग सम्बन्धित स्वदेशी तथा विदेशी प्रविधि, सामग्री र सेवालाई एउटै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस प्रदर्शनीमा तीन सयभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डको सहभागिता रहेको छ। प्रदर्शनीस्थलमा दुई सयभन्दा बढी स्टलमार्फत निर्माण उद्योगका नवीनतम सेवा तथा सामग्री प्रदर्शन गरिएको छ।

यो प्रदर्शनी मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचर एक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिको संयुक्त आयोजनामा भइरहेको छ। बिल्डकनले विगत एक दशकभन्दा लामो समयदेखि नेपाली निर्माण उद्योगलाई आधुनिक प्रविधि र



अन्तर्राष्ट्रिय अभ्याससँग जोड्दै आएको छ। प्रदर्शनीले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा प्रचलित नयाँ प्रविधि र सेवा नेपाली बजारमा भित्र्याउने काम गर्दै आएको छ। प्रदर्शनीमा आर्किटेक्चरल हार्डवेयर, एल्युमिनियम एक्स्ट्रुजन, मार्बल, टाइल्स, सेनेटरी वेयर, मोड्युलर तथा आधुनिक किचन, रुफिङ, क्ल्याडिङ, लिफ्ट, एलिभेटरजस्ता निर्माण क्षेत्रससँग सम्बन्धित सामग्री समेटिएका छन्।

सामसङको वासिङ मेसिन र रेफ्रिजेरेटरमा क्यासब्याक

काठमाडौं/ सामसङ नेपालले होलीको अफर सार्वजनिक गरेको छ। अफरअन्तर्गत सामसुङका वासिङ मेसिन र रेफ्रिजेरेटरमा आकर्षक छुट र एक्सचेन्ज बोनस घोषणा गरेको छ। यो अफर फेब्रुअरी १ देखि मार्च १४ सम्म लागू हुने बताइएको छ।

ग्राहकले सातदेखि १२ केजीसम्मका एआई इकोबबल वासर ड्रायर, फ्रन्ट-लोड र सेमि अटोमेटिक टपलोड वासिङ मेसिनमा २३ सम्म क्यासब्याक पाउनेछन्। त्यसैगरी, सिंगल डोर, डबल डोर र साइड-बाई-साइड रेफ्रिजेरेटरमा १७ प्रतिशतसम्मको



क्यासब्याक उपलब्ध गराइएको कम्पनीले जनाएको छ। साथै, सामसङ इन्स्टा फाइनान्समार्फत नागरिकताकै आधारमा शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दीमा पनि सामान खरिद गर्न सकिने कम्पनीले बताएको छ। साथै, नयाँ सामसङ टिभी वा होम अप्लायन्समा अपग्रेड गर्न चाहने ग्राहकलाई एक्सचेन्ज गर्ने सुविधा पनि रहेको कम्पनीले जनाएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २०१२/३/२०
स्वर्गारोहण: वि.सं. २०८१/११/५

स्व. गंगादेवी सुवेदी दाहाल

हामी ममतामयी आमा, काकीआमा, हजुरआमा तथा पत्नी **गंगादेवी सुवेदी दाहाल** वर्ष २०८१ साल फाल्गुन ५ गते ब्रम्हलिन हुनुभएको आज वार्षिक औं पञ्चमी पुन्य तिथिमा दिवंगत आत्माको चीर कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा हामीप्रति साहानुभूति एंव समवेदना प्रकट गर्नु हुने इष्टमित्र शुभ चिन्तक जनहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

पति: शिव प्रसाद दाहाल
छोरीहरु : पुष्पा, प्रतिमा र पद्मा दाहाल
भतिजा : सुदर्शन, बिना दाहाल, सुजन, सुधा दाहाल
नातिनीहरु : कृपा न्यौपाने, रोशिका न्यौपाने

प्रस्ताव स्वीकृतिसम्बन्धी आशयको सूचना

(सूचना प्रकाशन मिति : २०८२/१०/२३ गते)

यस बैंकबाट मिति २०८२ साल असोज ३० मा आह्वान भएको देहायअनुसारको परामर्श सेवा खरिदसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८(२) को प्रयोजनका लागि प्रकाशन गरिएको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै प्रस्तावदाताहरूलाई यसै सूचनाबाट जानकारी गराइएको छ।

सि.नं.	परामर्श सेवा खरिदको विवरण	स्वीकृत प्रस्तावदाताको नाम र ठेगाना	स्वीकृत बोलपत्र रकम मु.अ. करसहित
१.	Internal Audit of 75 Branches RFP No.: ADBL-RFP-01- 2082/83	RSMA JV PLRG : R.S.M.A Associate, Sub: P.L.R.G Associates, H-82 Naxal, Bhatbhateni, Kathmandu	रू. २९,३८,०००।- उनन्तीस लाख अठ्तीस हजार।

कृषि विकास बैंक लि.
सामान्य सेवा विभाग
मुख्य कार्यालय, काठमाडौं
फोन नं. ०१५७२१११५

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८२/१०/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ फागुन ०१ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

दिपायल, डोटी

ऋणीको विवरण

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति राजपुर, डोटीमा मिति २०४९/०४/०८ मा दर्ता नं. २७३/०४९/०५० दर्ता कायम भई डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (साबिक दिपायल सिलगढी न.पा. वडा नं. ०१) स्थित रजिष्टर्ड कार्यालय रहेको **बि.एस. कन्स्ट्रक्सन।**
प्रोप्राईटर - अशोक कुमार श्रेष्ठ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **अशोक कुमार श्रेष्ठ**
ना.प्र.नं.- २५९४/९६९
जारी मिति - २०४४/१०/२२, जि.प्र.का. डोटी
बाबु - जयराज श्रेष्ठ
बाजे- लक्ष्मी नारायण श्रेष्ठ
स्थायी ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०१
हालको ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०६

२. **सशी श्रेष्ठ**
ना.प्र.नं.- १/२५२२१/६३
जारी मिति - २०६२/०१/१८, जि.प्र.का. डोटी
बाबु - नवराज श्रेष्ठ
ससुरा - जयराज श्रेष्ठ
स्थायी ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०१
हालको ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०६

३. **योगेश श्रेष्ठ**
ना.प्र.नं.- १/३०११२/३७२
जारी मिति - २०६३/०५/१४, जि.प्र.का. डोटी
बाबु - अशोक कुमार श्रेष्ठ
बाजे- जयराज श्रेष्ठ
स्थायी ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०१
हालको ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०६

४. **दिपेश श्रेष्ठ**
ना.प्र.नं.- ६८१०२५/३८४
जारी मिति - २०६४/०७/२७, जि.प्र.का. डोटी
बाबु - अशोक कुमार श्रेष्ठ
बाजे- जयराज श्रेष्ठ
स्थायी ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०१
हालको ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०६

५. **दिनेश श्रेष्ठ**
ना.प्र.नं.- ६८१०२५/२२२०
जारी मिति - २०६६/०३/१६, जि.प्र.का. डोटी
बाबु - अशोक कुमार श्रेष्ठ
बाजे- जयराज श्रेष्ठ
स्थायी ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०१
हालको ठेगाना- डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ०६

लिलाम हुने सम्पतिको विवरण

१. **अशोक कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ०७ स्थित कित्ता नं. ११ को क्षे.फ. ३६९.४० (व.मी) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **अशोक कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, गेटा गा.वि.स. वडा नं. ०६, स्थित कित्ता नं. १००९ को क्षे.फ. ३३८.६३ (व.मी.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **अशोक कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ०४, स्थित कित्ता नं. ११४८ को क्षे.फ. २,८५१.७३ (व.मी.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. **अशोक कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ०१, स्थित कित्ता नं. २५५४ को क्षे.फ. १०१७.४८ (व.मी.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. **अशोक कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ०१, स्थित कित्ता नं. २५४४ र २५४५ को क्षे.फ. क्रमशः २,९५७.०५ र ५,९६५.७७ (व.मी.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

६. **योगेश श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ०१, स्थित कित्ता नं. २५४१ र २५४२ को क्षे.फ. क्रमशः २८६.१७ र १३५.१३ (व.मी.) घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

७. **योगेश श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, भवरडांडा गा.वि.स. वडा नं. ०१, स्थित कित्ता नं. ११९६१ को क्षे.फ. क्रमशः ३३,७५५.६९ (व.मी.) घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

८. **योगेश श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी नगरपालिका वडा नं. ०७, स्थित कित्ता नं. ९८ र ९९ को क्षे.फ. क्रमशः १६९.५० र १६९.५० (व.मी.) र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

९. **योगेश श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ०७, स्थित कित्ता नं. ६४५ को क्षे.फ. ५२९.९१ (व.मी.) घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

१०. धनि कुमारी बैंक र ऋणी **बि.एस. कन्स्ट्रक्सन** कायम भई बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको चे.नं. RSB0265, ई.नं. H7600456, सवारी नं. वा ३ क ४०८५, को CAT323D3 Excavator, थान १।

चन्द्रपुर, रौतहट

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग, गौर रौतहटको कार्यालयमा मिति २०७७ कार्तिक ०२ मा दर्ता नं. ९७५५/५७५ कायम भई रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **फिरदोस किराना पसल।**
प्रोप्राइटर शे. अब्दुल रसिद

लिलाम हुने सम्पतिको विवरण

१. **शेख ईसराईल**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ०९ स्थित कित्ता नं. २७९ को क्षे.फ. ०-२-०-० (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **अम्बरा खातुन**
ना.प्र.नं.- ३२३०६१/४५६,
जारी मिति - २०६४/०१/०७,, जि.प्र.का.रौतहट
बाबु - शे. वहिद
बाजे - शेख रहमान
पति - शे.अब्दुल रसिद
स्थायी ठेगाना- रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ०९
हालको ठेगाना- रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ०७

२. **कौसर खातुन**
ना.प्र.नं.- ३२३०६१/६,
जारी मिति - २०६४/०१/०५, जि.प्र.का.रौतहट
बाबु - शे. सहिद
ससुरा - शे. इसु
पति - शेख ईसराईल
स्थायी ठेगाना- रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ०९
हालको ठेगाना- रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ०७

३. **शे. अब्दुल रसिद**
ना.प्र.नं.- ७८७
जारी मिति - २०५९/०९/१९ जि.प्र.का.रौतहट
बाबु - शे. इसु
बाजे - शेख रहमान
स्थायी ठेगाना- रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ०९
हालको ठेगाना- रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ०७

४. **शेख ईसराइल**
ना.प्र.नं.- ११२०
जारी मिति - २०५९/११/०८ जि.प्र.का.रौतहट
बाबु - शेख इसु
बाजे - शेख रहमान
स्थायी ठेगाना- रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ०९
हालको ठेगाना- रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ०७

२. ऋणीको विवरण

आश महमद
ना.प्र.नं.: ४६९१
जारी मितिः २०६३/०९/२७, जि.प्र.का. रौतहट
बाबुः दिलसेर मिया मंसुरी
बाजेः सुवजान मिया
स्थायी ठेगानाः रौतहट जिल्ला, विश्रमापुर गा.वि.स. वडा नं. ०२
हालको ठेगानाः रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०६

लिलाम हुने सम्पतिको विवरण

१. **दिलशेर मिया मंसुरी**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा वडा नं.०९ स्थित कित्ता नं ७६२ को क्षेत्रफल ०-१-० (वि-क-धु) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **जाल महमद मंसुरी**
ना.प्र.नं.: ५५
जारी मितिः २०५८/०४/११, जि.प्र.का. रौतहट
बाबुः दिलसेर मिया मंसुरी
बाजेः सुवजान मिया
स्थायी ठेगानाः रौतहट जिल्ला, विश्रमापुर गा.वि.स वडा नं.२
हालको ठेगानाः रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं.०६

२. **दिलशेर मिया मंसुरी**
ना.प्र.नं.: ४८३८
जारी मितिः २०३६/०२/१७, जि.प्र.का. रौतहट
बाबुः सुवजान मिया
बाजेः अब्दुल मिया
स्थायी ठेगानाः रौतहट जिल्ला, पिपरा रजवाडा गा.वि.स वडा नं. ०४
हालको ठेगानाः रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०६

३. **रूकसना खातुन**
ना.प्र.नं.: ३२:०२:७४:००१७२,
जारी मितिः २०७४/०१/१७, जि.प्र.का. रौतहट
बाबुः मोहरम मिया मंसुरी
ससुराः दिलशेर मिया मंसुरी
स्थायी ठेगानाः रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०३
हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०६

४. **जैदा खातुन**
ना.प्र.नं.: ०३२३०९७/७३०
जारी मितिः २०६४/०१/०४, जि.प्र.का. रौतहट
बाबुः फसुदी मिया मंसुरी
ससुराः दिलशेर मिया मंसुरी
स्थायी ठेगानाः रौतहट जिल्ला, विश्रमापुर गा.वि.स वडा नं. ०२
हालको ठेगानाः रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ०६

३. ऋणीको विवरण

१. **निर्मला अधिकारी**
ना.प्र.नं.- ४२३
जारी मिति -२०५८/०६/०२, जि.प्र.का रौतहट
बाबु - हरि प्रसाद आचार्य
बाजे - गणेश प्रसाद आचार्य
स्थायी ठेगाना- रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

लिलाम हुने सम्पतिको विवरण

निर्मला अधिकारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. ०१ स्थित कित्ता नं. ७५३६ र ७५३८ को क्षे.फ. क्रमशः ०-०-५$^{३/४}$ र ०-०-४$^{१/४}$ (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **रामचन्द्र अधिकारी**
ना.प्र.नं.- २३६३
जारी मिति -२०५४/०१/१६, जि.प्र.का रौतहट
बाबु - आनन्द प्रसाद अधिकारी
बाजे - चक्रपाडी अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. वडा नं. ०४

२. **प्रज्वल अधिकारी**
ना.प्र.नं.- ३२-०२-७६-०२९८९
जारी मिति -२०७६/०६/०६, जि.प्र.का रौतहट
बाबु -रामचन्द्र अधिकारी
बाजे - आनन्द प्रसाद अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

३. **पुजा अधिकारी**
ना.प्र.नं.- ३२-०२-७६-०२९९०
जारी मिति -२०७६/०६/०६, जि.प्र.का रौतहट
बाबु - रामचन्द्र अधिकारी
बाजे- आनन्द प्रसाद अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

४. ऋणीको विवरण

१. **वालमिकी राय यादव**
ना.प्र.नं.- ३१
जारी मिति - २०४३/०४/०८, जि.प्र.का. रौतहट
बाबु - डम्बर नन्दीपत राय
बाजे - रामचलितर राय
पत्नी - कृष्णा कुमारी देवी
स्थायी ठेगाना - रौतहट जिल्ला, मदनपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना - रौतहट जिल्ला गढिमाई न.पा. वडा नं. ०५

लिलाम हुने सम्पतिको विवरण

१. **वालमिकी राय यादव**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं. २२०७ को क्षेत्रफल ०-०-४.५(वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानकर्ताहरूको विवरण

१. **कृष्णा कुमारी यादव**
ना.प्र.नं.- १४३७
जारी मिति - २०५०/११/२२, जि.प्र.का. रौतहट
बाबु - रघुविर राय
ससुरा - नन्दीपत राय
पति - वालमिकी राय यादव
स्थायी ठेगाना - रौतहट जिल्ला, मदनपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना - रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. ५

२. **रानी कुमारी यादव**
ना.प्र.नं.- ३२-१-७३/३४६९
जारी मिति - २०७३/०४/०६, जि.प्र.का. रौतहट
बाबु - वालमिकी राय यादव
बाजे - नन्दीपत राय
स्थायी ठेगाना - रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ०५
हालको ठेगाना - रौतहट जिल्ला गढिमाई न.पा. वडा नं. ०५

३. **रवि निराजन यादव**
ना.प्र.नं.- ३२-०१-७२-०५१३५
जारी मिति - २०७२/१२/०७, जि.प्र.का. रौतहट
बाबु - वालमिकी राय यादव
बाजे - नन्दीपत राय
स्थायी ठेगाना - रौतहट जिल्ला, मदनपुर गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- रौतहट जिल्ला गढिमाई न.पा. वडा नं. ०५

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८२ माघ २९ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ फागुन ०१ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ फागुन ०१ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

नेपालको लक्ष्य सुपर आठ

दुईपटकका विश्वकप च्याम्पियन इंग्ल्यान्ड र वेस्ट इन्डिजविरुद्ध सनसनी नतिजा निकालेर समूह चरण पार गर्ने नेपाली टोलीका कप्तान रोहित पौडेलको आत्मविश्वास

हामी अब खेल्ने मात्रै होइन, अगाडि पनि बढ्छौं

● **रोहित पौडेल**, कप्तान, नेपाल



यसअघिका संस्करणमा समूह चरणबाटै बाहिरियौं । अब त्यो दोहोरिनेछैन । पछिल्लो वर्षहरूमा टेस्ट राष्ट्रसँग खेलिसकेका छौं । यति मात्रै होइन, वेस्ट इन्डिजविरुद्धको सिरिज नै जित्यौं । हामी अब खेल्ने मात्रै होइन, अगाडि पनि बढ्छौं । सम्भवतः हामी पनि यही विश्वप्रसिद्ध एउटा नयाँ इतिहास बनाएर फर्कनेछौं । यसपटक नेपाली टोलीमा पाँच नयाँ अनुहारका छन् । जसले पहिलोपटक विश्वकप खेल्दै छन् । नयाँ पिँढीका लागि यो अवसर हो । सन् २०१४ मा नेपालले विश्वकप खेल्दा मैले टिभीमै हेर्रें ।



टी-२० विश्वकपमा सहभागी २० राष्ट्रका कप्तानहरू ट्रफीका साथ

मुम्बईबाट रमेश सुवेदी

एकपटक १२ वर्षअघिको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता स्मरण गर्रौं न । सन् २०१४ मा बंगलादेशले आयोजना गरेको विश्वकपमा नेपालले पहिलोपटक सहभागिता जनाएको छ । नेपालले विश्वकपमा डेब्यु गरेको ठ्याक्कै १२ वर्ष भइसकेको छ । सन् २०१४ देखि २०२६ सम्म नेपालले केवल तीनपटक मात्र विश्वकपमा स्थान बनाएको छ ।

डेब्यु विश्वकपमा नेपालले समूह चरणको छनोट खेलमा बंगलादेशविरुद्ध प्रतिस्पर्धा गरेको थियो । यसबाहेक हङकङ र अफगानिस्तानसँग पनि नेपालले खेल्यो । बंगलादेशसँग भिनो रनरेटले पछि पर्दा नेपालले समूह चरणमा स्थान बनाउन सकेन । तर, नेपालले बंगलादेशले आयोजना गरेको विश्वकपमा छाप राख्न सफल भयो ।

धेरैलाई यो विश्वास थियो, अब नेपालले लगातार टी-२० विश्वकप खेल्नेछ । त्यसवेला नेपाली क्रिकेटको माहोल यस्तै थियो । तर, दुभार्ग्यवश नेपालले दोस्रोपटक विश्वकप खेल्न १० वर्ष लगायो । सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरेको विश्वकप नेपालको दोस्रो यात्रा हो । दुई वर्षअघिको संस्करणमा नेपाल एसोसिएट राष्ट्र भए पनि एक फरक टोलीका रूपमा देखियो । नेपालले दक्षिण अफ्रिकालाई लगभग हराइसकेको थियो । अन्तर्राष्ट्रिय खेलमा अनुभवी टोली दक्षिण अफ्रिकले नेपाललाई १ रनको भिनो अन्तरले हरायो ।

अघिल्लो संस्करणमा नेपालले बंगलादेशलाई पनि अन्तिम समयसम्म चुनौती दिएको थियो । टेस्ट राष्ट्र बंगलादेशले नेपाललाई हराउन धेरै मिहिनेत गरेको थियो । श्रीलंकासँगको खेल वर्षाका कारण हुन सकेन । नवौं संस्करणमा जितविहीन हुँदै घर फर्किएको नेपालले विश्व क्रिकेटमा एसोसिएट राष्ट्रमध्ये एक शक्तिशालीका रूपमा आफूलाई परिचित गराउन सफल भयो । यही थियो अघिल्लो दुई विश्वकपको यात्रामा नेपालको प्रदर्शन । सन् २०१४ मा डेब्यु गरेको र लगातार दोस्रोपटक विश्वकप खेल्ने तयारीमा रहेको नेपाल बिल्कुल फरक छ । युवा कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको नेपाली टोली विश्वकपका लागि मुम्बईमा छ । नेपाली टोलीमा एकजनाले तीनपटक, नौजनाले दुईपटक र पाँचजनाले पहिलो विश्वकप खेल्दै छन् । अनुभवी तथा युवा खेलाडीले भरिएको नेपालले १०औं संस्करणमा एउटा योजना बनाइसकेको छ ।

वानखेडे रंगशालामा इतिहास कोर्ने योजना

नेपालको अहिलेको लक्ष्य नै दुई टेस्ट राष्ट्र इंग्ल्यान्ड र वेस्ट इन्डिजलाई स्तब्ध पार्दै सुपर आठमा स्थान बनाउनु नै हो । कप्तान रोहितले नेपालले आगामी शनिबारदेखि सुरु हुने विश्वकपमा यस्तै इतिहास कोर्ने दाबी गर्दै सफलताको यात्रा नरोकिने बताएका छन् । 'पछिल्लो वर्षहरूमा टेस्ट राष्ट्रसँग खेलिसकेका छौं । यति मात्रै होइन, वेस्ट इन्डिजविरुद्धको सिरिज नै जित्यौं,' रोहितले नयाँ पत्रिकासँग भने, 'हामी अब खेल्ने मात्रै होइन, अगाडि पनि बढ्छौं ।'

समूह 'सी'मा रहेको नेपालले आफ्नो सबै खेल मुम्बईस्थित विश्व चर्चित वानखेडे रंगशालामा खेल्नेछ । सन् २०११ को आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता यही रंगशालामा भएको थियो । जहाँ भारतले श्रीलंकालाई हराउँदै उपाधि हात पारेको थियो । वानखेडे रंगशालामा थुप्रै इतिहास कोरिएका छन् । यसै पृष्ठभूमिमा आफूहरू पनि यही मैदानमा नयाँ कथा कोर्ने दाउमा रहेको कप्तान रोहितको भनाइ छ । 'सम्भवतः हामी पनि यही विश्वप्रसिद्ध रंगशालामा एउटा नयाँ इतिहास बनाएर फर्कनेछौं ।

हाम्रो लक्ष्य नै सुपर एट पुग्ने हो,' रोहितले भने । नेपाललो आइसिसीले मुख्य स्पर्धाअगाडि प्रबन्ध गरेको दुईवटै अभ्यास खेल जितेको छ । बिहीबार नेपालले क्यानडामाथि ६ विकेटको सहज जित निकालेको छ । चेन्नईमा भएको अभ्यास खेलपछि मुम्बई फर्किएका रोहितले भने, 'यसअघिका संस्करणमा समूह चरणबाटै बाहिरियौं । अब त्यो दोहोरिनेछैन ।'

नयाँ खेलाडीलाई अवसर

वानखेडे रंगशालास्थित बिसिसिआईको भवनमा बिहीबार भएको पत्रकार सम्मेलनमा रोहित अन्य कप्तानभन्दा केही ढिला पुगे । वेस्ट इन्डिज, इंग्ल्यान्ड, इटाली, स्कटल्यान्डका कप्तान एकै रोहमा थिए । रोहित त्यो ड्यासमा बसेकामध्ये कान्छा कप्तान हुन् । सन् २०१४ मा रोहित सानै हुँदा त्यही विपक्षी कप्तानहरूलाई टिभीमा हेरेका थिए । त्यही खेलाडीसँग रोहितले अहिले मैदानमा प्रतिस्पर्धा गरिरहेका छन् । रोहित नयाँ पिँढीका लागि यस्तै अवसर रहेको बताउँछन् । 'सन् २०१४ मा नेपालले विश्वकप खेल्दा मैले टिभीमै हेर्रें । अहिले हामी विश्वकप खेल्दै छौं । नयाँ पिँढीका लागि यो अवसर हो,' उनले भने । यसपटक नेपाली टोलीमा पाँच नयाँ अनुहारका छन् । जसले पहिलोपटक विश्वकप खेल्दै छन् । आरिफ शेख, लोकेश बम, बसिर अहमद, शेर मल्ल र नन्दन यादवले विश्वकपमा डेब्यु गर्नेछन् । सन् २०२४ मा विश्वकप खेलेका १० खेलाडी यो विश्वकपमा देखिँदै छन् । अलराउन्डर सोमपाल कामी मात्रै तीनवटै विश्वकप खेल्ने एक्ला खेलाडी हुन् ।

सोमपाल सर्वाधिक अनुभवी

नेपाली राष्ट्रिय टोलीमा सबैभन्दा अनुभवी खेलाडी अलराउन्डर सोमपाल हुन् । सन् २०१४ मा तत्कालीन पारस खड्काको कप्तानीमा नेपालले विश्वकप खेल्दा सोमपाल युवा थिए । अहिले उनी टोलीकै महत्त्वपूर्ण खेलाडी मात्र नभएर सबैभन्दा सिनियर हुन् । १२ वर्षअघि र अहिलेको विश्वकप खेल्न पाउँदा आफू निकै उत्साहित भएको उनले बताए ।

'त्यसवेला नेपालले पहिलोपटक विश्वमा नेपाली क्रिकेटबारे चिनाउन अवसरका रूपमा लिएको थियो । हङकङ र अफगानिस्तानमाथिको जितले सबैलाई ध्यानकेन्द्रित बनायौं,' सोमपालले १२ वर्षअघिको स्मरण गर्दै भने, 'त्यसवेला हामीले नेपालमा पनि पनि क्रिकेट हुन्छ भनेर सबैलाई चिनायौं ।' अहिले टोलीमा आबद्ध सबै खेलाडीले सनसनी नतिजा निकाल्न कडा मिहिनेत गरेको उनले बताए । 'दोस्रोपटक स्थान बनाउन सबैले मिहिनेत गरेका थिए, म मात्र नभएर सबै ड्रेसिङ रुममा भावुक बनेका थिए,' उनले भने, 'तेस्रोपटक विश्वकपमा फरक नतिजा निकाल्ने प्रयासमा छौं ।'



नेपालको खेल तालिका

इंग्ल्यान्ड	२५ माघ	दिउँसो ३:१५ बजे
इटाली	२९ माघ	दिउँसो ३:१५ बजे
वेस्ट इन्डिज	३ फागुन	बिहान ११:१५ बजे
स्कटल्यान्ड	५ फागुन	साँझ ७:१५ बजे

अभ्यास खेलमा शतप्रतिशत नतिजा

नयाँ पत्रिका

आइसिसी टी-२० विश्वकपको पूर्वसन्ध्यामा बिहीबार भएको अभ्यास खेलमा नेपालले क्यानडामाथि ६ विकेटको जित निकालेको छ । चेन्नईमा भएको प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको क्यानडाले २० ओभरमा ६ विकेट गुमाएर १६१ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा १६२ रन जोड्दै सानदार जित निकाल्यो । नेपालले १२ बलअघि सफलता चुमेको हो । यसअघि नेपालले युएईलाई पहिलो अभ्यास खेलमा निराश बनाएको थियो । अब आगामी आइतबार नेपालले समूह 'सी'मा आफ्नो पहिलो खेलमा दुईपटकको विजेता इंग्ल्यान्डविरुद्ध खेल्नेछ । क्यानडासँगको प्रतिस्पर्धामा आसिफ शेखले अर्धशतकीय योगदान दिएका थिए । उनले २८ बलमा तीन छक्का र ६ चौकाको सहयोगमा ५८ रन बटुले । लक्ष्य पछ्याउँदा नेपालले पहिलो विकेट २.२ ओभरमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो ।

कुशलले ११ बलमा समान एक चौका र छक्का प्रहार गरी १२ रन जोडेका थिए । त्यसपछि आसिफले सन्दीप जोरासँग दोस्रो विकेटका लागि ८४ रनको साझेदारी गर्दै नेपाललाई जिततर्फ अग्रसर गराए । आसिफ १९.६ ओभरमा रिटायर्ड हट भएका थिए । सन्दीपले ३० बलमा चार चौका र एक छक्का प्रहार गरी ४४ रन बनाए । अलराउन्डर गुल्सन झाले २५ बल सामना गरी पाँच चौकाको सहयोगमा ३१ रन जोडे । उपकप्तान दीपेन्द्रसिंह ऐरीले ९ रन बनाए ।

सन्दीप र कुशलले लिए दुई विकेट

यसअघि पहिलो ब्याटिङ गरेको क्यानडाको दोस्रो तथा छैटौं विकेटका लागि उत्कृष्ट साझेदारी भएको थियो । यी दुई विकेटबिच बनेको रनकै सहयोगमा क्यानडाले नेपाललाई बलियो लक्ष्य दिएको हो । नेपालका लेग स्पिनर सन्दीप लामिछानेले १४ रनमा दुई तथा कुशलले २६ रनमा दुई विकेट लिएका थिए ।

सोमपाल कामी र नन्दन यादवले समान एक विकेट हात पारे । क्यानडाको ब्याटिङमा दोस्रो ओपनर नविनले ३६ बलमा ४१ तथा श्रीयास मोभाले १९ बलमा ३८ रन जोडेका थिए । सोमपालले इनिङ्सको ३.२ ओभरमै नेपाललाई विकेट दिलाएका थिए । त्यसपछि दोस्रो विकेटका लागि ६३ रनको साझेदारी भएको थियो । छैटौं विकेटका लागि क्यानडाले ४९ रन जोडेको थियो ।

विश्वकपका सबै खेलमा प्रतिस्पर्धा नगरेका राष्ट्रहरू

एजेन्सी

१०औं संस्करणको टी-२० विश्वकप शनिबारदेखि भारत र श्रीलंकामा सुरु हुँदै छ । प्रतियोगितामा २० राष्ट्र सहभागी छन् । सहभागी राष्ट्रलाई आइसिसीले चार समूहमा विभाजन गरेको छ । विश्वकपको खेलतालिका सार्वजनिक भएदेखि नै तनाव सुरु भएको थियो । बंगलादेशले भारतमा नखेल्ने र आफ्ना खेल श्रीलंकामा राख्न आइसिसीसँग आग्रह गरेको थियो । आइपिएलबाट आफ्ना खेलाडीलाई अपमानजनक तरिकाले निकालेको भन्दै बंगलादेशले भारतमा प्रतिस्पर्धा नगर्ने अडान लिएको थियो ।


अन्तिम समयमा पनि आइसिसीले बंगलादेशलाई पूर्ववत् निर्णय परिवर्तन गर्न आग्रह गरेको थियो । तर, बंगलादेशले राष्ट्रियताको सवालमा कुनै सम्झौता नगर्ने जवाफ आइसिसीलाई दियो । आइसिसीले बंगलादेशलाई विश्वकपबाट हटायो । बंगलादेशको समर्थन गर्दै पाकिस्तानले पनि भारतमा नखेल्ने निर्णय लिएको छ । भारतको छिमेकी राष्ट्रको सम्बन्ध राम्रो छैन । पाकिस्तान र बंगलादेश मात्र विश्वकपका खेल त्याग गर्ने राष्ट्र होइनन्, यसअघि पनि यस्ता घटना भएका छन् ।

१ अस्ट्रेलिया



सन् १९९६ मा श्रीलंका एकदिवसीय विश्वकपको सहआयोजक थियो । श्रीलंकाको समूहमा अस्ट्रेलिया थियो । अस्ट्रेलियाले श्रीलंकामा प्रतिस्पर्धा नगर्ने निर्णय लियो । विश्वकपअगाडि कोलम्बो आतंककारी हमलापछि सुरक्षाको कारण देखाउँदै अस्ट्रेलियाले प्रतिस्पर्धा नगर्ने निर्णय लियो । यस निर्णयपछि सहआयोजक श्रीलंकाले अस्ट्रेलियाबाट वाकओभर पायो । यद्यपि, सो विश्वकपको फाइनलमा श्रीलंका र अस्ट्रेलियाबिच नै प्रतिस्पर्धा भयो । जसमा श्रीलंकाले अस्ट्रेलियालाई स्तब्ध पार्दै पहिलोपटक एकदिवसीय विश्वकप उपाधि जित्यो ।

२ वेस्ट इन्डिज



सन् १९९६ को विश्वकपमा अस्ट्रेलियासँगै वेस्ट इन्डिजले पनि श्रीलंकामा प्रतिस्पर्धा नगर्ने निर्णय लियो । त्यस समयमा वेस्ट इन्डिज विश्व क्रिकेटकै एक शक्तिशाली राष्ट्र थियो । वेस्ट इन्डिजले श्रीलंकामा नजाने निर्णय लिँदा समूह चरणमा आइसिसीले ठुलो घाटा व्यहोरेको थियो । उपाधि जित्ने लक्ष्यका साथ तयारी गरेको वेस्ट इन्डिजले गतिलो प्रदर्शन गर्न सकेन । श्रीलंकाले आफ्नो समूहमा अस्ट्रेलिया र वेस्ट इन्डिजबाट वाकओभर पाउँदै दोस्रो चरणको यात्रा तय गऱ्यो ।

३ इंग्ल्यान्ड



सन् २००३ को विश्वकप क्रिकेट प्रतियोगिता दक्षिण अफ्रिकी महादेशले आयोजना गरेको थियो । जसमध्ये जिम्बावेमा पनि विश्वकपका प्रारम्भिक चरणका खेल समावेश थिए । इंग्ल्यान्डले जिम्बावेमा खेल्न अस्वीकार गऱ्यो । जिम्बावे नजानुको प्रमुख कारण राजनीतिक सम्बन्ध थियो । बेलायत सरकारले जिम्बावेमा आफ्नो टोलीलाई भ्रमण गर्न अनुमति दिएको थिएन । जसका कारण जिम्बावेले पनि नखेली नै इंग्ल्यान्डविरुद्ध वाकओभर पाउँदै २ अंक बटुल्यो ।

४ न्युजिल्यान्ड



सन् २००३ को विश्वकपमा दुई शक्तिशाली राष्ट्रले कमजोर प्रतिद्वन्द्वीको देशमा गएर प्रतिस्पर्धा नगर्ने निर्णय लिएका थिए । सुरुवातमा इंग्ल्यान्ड र त्यसपछि न्युजिल्यान्डले केन्यामा नखेल्ने निर्णय लिए । न्युजिल्यान्डले केन्यामा शान्ति सुरक्षा कमजोर र आफ्ना खेलाडीको भविष्य जोखिममा राखेर टोली नपठाउने निर्णय भएको जनायो । केन्याले वाकओभर पायो । सो विश्वकपमा अप्रत्याशित रूपमा केन्याले सेमिफाइनलमा स्थान बनाएको थियो ।

५ पाकिस्तान



शनिबारदेखि सुरु हुने टी-२० विश्वकपको सुरुदेखि नै विवाद थियो । सुरुमा बंगलादेशले सुरक्षाका कारण देखाउँदै भारत नजाने निर्णय लियो । आइसिसीले कारबाही गर्दै बंगलादेशको स्थानमा स्कटल्यान्डलाई समावेश गऱ्यो । स्कटल्यान्डले अहिले समूह 'सी'मा विश्वकप खेल्ने तयारी गरेको थियो । पाकिस्तानले भने बंगलादेशमाथिको निर्णयविरुद्ध भारतमा नखेल्ने जनाएको छ ।

यद्यपि, आइसिसीले अहिलेसम्म पाकिस्तानको निर्णयप्रति केही प्रतिक्रिया दिएको छैन । तर, खेल नखेल्दा पाकिस्तानले समूह 'ए'मा २ अंक गुमाउने निश्चित छ । पाकिस्तान र भारतबिचको खेल नहुँदा आयोजक भारत मात्र नभएर आइसिसीले समेत ठुलो आर्थिक घाटा व्यहोर्नुपर्ने भारतीय एजेन्सीहरूले जनाएका छन् ।

■ विश्वकपका लागि तयार वानखेडे रंगशाला



१०औं संस्करणको टी-२० विश्वकपको प्रमुख रंगशालामध्ये वानखेडे पनि हो । सन् १९७४ देखि २०१० सम्म यो रंगशालाको दर्शक क्षमता ३९ हजार थियो । सन् २०११ को एकदिवसीय विश्वकप आयोजनाका लागि रंगशालाको पुनर्निर्माण भयो । रंगशालाको स्वरूप फेरिँदा अब यहाँ ३३ हजार एक सय दर्शक अटाउँछन् । सन् २०११ को एकदिवसीय विश्वकपको फाइनल यसै रंगशालामा भएको थियो । जहाँ भारतले श्रीलंकालाई हराउँदै विश्वकप ट्रफी उचालेको थियो । मुम्बई क्रिकेट एसोसिएसनको स्वामित्वमा रहेको वानखेडे रंगशालामै आगामी आइतबार नेपालले इंग्ल्यान्डविरुद्ध टी-२० विश्वकपमा प्रतिस्पर्धा गर्दै छ । नेपालले आफ्नो समूहका सबै खेल यसै मैदानमा खेल्नेछ ।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

भारत र पाकिस्तान किन सधैं एकै समूहमा ?

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) एकदिवसीय विश्वकप, टी-२० विश्वकप र च्याम्पियन्स ट्रफीको 'ड्र'मा दुई चिरपरिचित प्रतिद्वन्द्वीलाई एउटै समूहमा राख्ने गरिन्छ । सन् १९९२ को विश्वकपदेखि भारत र पाकिस्तानबिच समूह चरणमै प्रतिस्पर्धा भइरहेको छ । आइसिसीले यी दुईबिचको प्रतिस्पर्धाबाट करोडौं डलर आम्दानी गर्ने उद्देश्यले पनि उनीहरूलाई एउटै समूहमा राख्ने गरेको हो । यसपटकको टी-२० पुरुष विश्वकपमा पनि भारत र पाकिस्तान एउटै समूहमा छन् ।

तर, पाकिस्तानले भारतमा नखेल्ने बताइसकेको छ । जसका कारण आइसिसी र टिभी राइट पाएको कम्पनीले करोडौं अमेरिकी डलर घाटा व्यहोर्नुपर्ने अवस्था आएको छ । समग्रमा ३४ वर्षभित्र भारत र पाकिस्तानबिच २२ पटक प्रतिस्पर्धा भइसकेको छ । आइसिसीकै तथ्यांकअनुसार यी दुई राष्ट्रबिचको एक खेलमा २८ करोडभन्दा समर्थक हुने गर्छन् ।

सन् १९९२ मा उनीहरू पहिलोपटक विश्वकपमा भिडेका थिए । त्यसपछि भारत र पाकिस्तानले नौ एकदिवसीय, नौ टी-२० र नौपटक नै आइसिसी च्याम्पियन्स ट्रफीमा प्रतिस्पर्धा गरेका छन् । भारतीय मिडियाले दुई कट्टर प्रतिद्वन्द्वीलाई एकै समूह राख्नुका कारण विश्लेषण गरेका छन् ।

ग्लोबल मेघा इभेन्ट

भारत र पाकिस्तानबिचको खेल केवल प्रतिस्पर्धा मात्र नभएर ग्लोबल मेघा इभेन्ट पनि हो । क्रिकेट इतिहासमा सर्वाधिक रुचाइएको र हेरिएको खेलमा दुई राष्ट्रबिचको प्रतिस्पर्धा पर्छ । भारत र पाकिस्तानका करिब २७ करोड दर्शकले टेलिभिजनमा लाइभ हेरेको टाइम्स अफ इन्डियाले जनाएको छ । सन् २०१९ को एकदिवसीय विश्वकपमा कुल ४८ खेलमा डिजिटल प्लेटफर्ममार्फत ७० करोड ६० लाख समर्थकले हेरेका थिए । प्रतिखेल दर्शक औसत एक करोड ४७ लाख थियो । सोही विश्वकपमा भारत र पाकिस्तानबिचको खेल २७ करोडले हेरेका थिए । जुन विश्वकपको समग्र भ्युअरको ३५ प्रतिशत हिस्सा थियो । आइसिसीले दर्शकको संख्या तथा डिजिटल प्लेटफर्मबाट व्यापक आम्दानी गर्ने उद्देश्यले पनि भारत र पाकिस्तानलाई एउटै समूहमा राख्ने गरेको भारतीय एजेन्सीको भनाइ छ ।

टिभी राइटको दबाब

आइसिसीले सन् २०२४ देखि २०२७ अवधिमा आयोजना हुने विश्वकपदेखि च्याम्पियन्स ट्रफीसम्मको टिभी राइट तीन अर्ब अमेरिकी डलरमा बिक्री गरिसकेको छ । टिभी राइट पाएका कम्पनीहरूले भारत र पाकिस्तानबिचको खेलमा प्रतिमिनेटको विज्ञापनबाट हजारौं अमेरिकी डलर आर्जन गर्ने योजना बनाइसकेका छन् । यी दुई राष्ट्रबिचको लाइभ चलिरहँदा लाइभ देखाउने टिभी कम्पनीहरूले चर्को मूल्यमा विज्ञापन समय बिक्री गरेको एजेन्सीको भनाइ छ । जसका कारण उनीहरू एकै खेलबाट मालामाल हुन्छन् । साथसाथै अर्को फाइदा भनेको टिआरपी पनि हो । विज्ञापनबाट आम्दानी गर्ने र टिआरपी बढाउने उद्देश्यले पनि भारत-पाकिस्तानबिचको खेल एकै समूहमा हुने गरेको हो ।

क्रिकेट पर्यटक बढाउने उद्देश्य

भारत र पाकिस्तानबिचको खेल हुँदा समर्थकको घुइँचो लाग्छ । घरेलु वा विदेशी भूमिमा प्रतिस्पर्धा हुँदा रंगशाला फुल हाउस नै हुन्छ । भारत र पाकिस्तानका हजारौं समर्थक विदेशी भूमिमा समेत जान्छन् । जुन एक किसिमले अन्तर्राष्ट्रिय खेल पर्यटन हो । यसले सानादेखि ठुला होटेल व्यवसायको व्यापारसमेत राम्रो हुन्छ । सन् २०१५ मा अस्ट्रेलियाले आयोजना गरेको विश्वकपमा भारत र पाकिस्तानबिचको खेल मेलबर्नमा थियो । जहाँ ३० हजार भारतीय समर्थक रंगशाला पुगेका थिए । यो खेलका लागि अन्तर्राष्ट्रिय टिकट, लोकल यातायात, होटेल बुकिङ र रेस्टुरेन्टसमेतका मूल्य अकासिएको थियो ।

क्रिकेटको 'एल क्लासिको'

फुटबलमा बार्सिलोना र रियल म्याड्रिडबिचको खेललाई 'एल क्लासिको' भनिन्छ । स्पेनिस ला लिगामा यी महारथी क्लबिचको प्रतिस्पर्धा हेर्न कोही पनि मिस गर्दैनन् । समर्थकहरू सकेसम्म रंगशालामै जाने गर्छन् । टिकट पाउन सकिएन भने टिभीमै हेर्छन् । क्रिकेटमा पनि भारत र पाकिस्तानबिचको खेललाई 'एल क्लासिको' नै भन्ने गरिन्छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com